'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com

सहभागी हुन अनुरोध

प्रगतिशील साहित्यकार हरिबहादुर श्रेष्ठ (नारायणमान बिजुक्छेँ) को प्रमुख आतिथ्यमा कवितासङ्ग्रह **'ए, मेरा रातहरू'** पुस्तकको परिचर्चाका साथै कविता वाचन कार्यक्रममा सहभागी हुन सम्पूर्ण साहित्यप्रेमी महानुभावहरूमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछ ।

कार्यक्रम
**मिति** : २०८३ साउन ३० गते, शनिबार
**समय** : दिनको १:३० बजे
**स्थान** : बालविकास सेकेन्डरी स्कूल लिबाली, भक्तपुर-८

आयोजक
'मजदुर' दैनिक

★ वर्ष : २८ ★ अङ्क : २०३ ★ ने. सं. ११४६ गुँला थ्व, द्वितीया ★ शुक्रबार ★ २९ साउन, २०८३ ★ August 14, 2026, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## कामदारवर्गको आवाज उठाउने मञ्च त:मुंज्या
# ४६ औँ नेपालभाषा साहित्य त:मुंज्या आयोजक समिति गठन




भक्तपुर, २८ साउन । 'जनता म्वा:सा, भाषा म्वाइ' मूल नाराका साथ आयोजना हुने ४६ औँ नेपालभाषा साहित्य त:मुंज्याका लागि आयोजक समिति बिहीबार गठन गरिएको छ ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले नेपालभाषा साहित्य त:मुंज्याको दबुले सबै भाषालाई स्थान दिँदै आएको बताउनुभयो । अन्य भाषाभाषीसँग कुराकानी गर्दा नेपालभाषालाई पनि बोलीचालीमा अझ उत्कृष्ट बनाउँदै लैजानुपर्ने उहाँको भनाइ थियो ।

सचिव सुवालले ३५ वर्षसम्म पटकपटक सत्तामा बसेर शाषण गर्ने पार्टीहरूले देशलाई आर्थिक रूपमा कमजोर बनाएको उल्लेख गर्दै राष्ट्रिय कलकारखाना निजीकरणका नाममा कौडीको मूल्यमा बेचेको बताउनुभयो ।

युवाहरूलाई स्वदेशमै रोजगारीको अवसर सिर्जना गरी स्वदेशमै काम गर्ने वातावरण नबनाएसम्म देशको विकास सम्भव नहुने उहाँले बताउनुभयो ।

उहाँले एमसीसीमा विदेशी लगानी तथा प्रभाव रहेको बताउँदै नेमकिपाले त्यसको विरोध गर्दै आएको बताउनुभयो । नेपालमा दलाई लामालगायत विदेशी प्रभावमा रहेका व्यक्तिहरूबाट सचेत रहनुपर्ने धारणा पनि उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेमकिपा भक्तपुर जिल्ला समितिका अध्यक्ष सुरेन्द्रराज गोसाईँले जनता सङ्घर्षका लागि तयार भएमा मात्र कला, भाषा र संस्कृतिको सुरक्षा गर्न सकिने बताउनुभयो ।

जनता आर्थिक रूपमा सबल हुनुका साथै सांस्कृतिक रूपमा पनि सबल हुनुपर्नेमा जोड दिँदै उहाँले नयाँ पुस्तासँग कर्तव्य र इतिहासका विषयमा निरन्तर छलफल चलाउन आवश्यक रहेको बताउनुभयो ।

अतिथि गोसाईँले तत्कालीन अवस्थामा साहित्य लेख्ने र सुन्ने अवसर सिर्जना गर्ने अभियानकै रूपमा नेपालभाषा साहित्य त:मुंज्याको विकास भएको उल्लेख गर्नुभयो । नेपालभाषाका साहित्यकारहरूको साहित्य विश्वका अन्य भाषाका साहित्यभन्दा कुनै पनि हिसाबले कम नरहेको उहाँको भनाइ थियो ।

नेपालभाषा साहित्य त:मुंज्याको दबु जनतालाई राजनीतिक रूपमा शिक्षित र सचेत बनाउने मञ्च भएको उल्लेख गर्दै गोसाईँले नेपाली समाजमा रहेका विकृति र विसङ्गतिबारे जनतालाई सचेत गराउने काममा त:मुंज्याले निरन्तर योगदान गर्दै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिका-७ का वडाध्यक्ष एवं नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य उकेश कवांले नेपालभाषा साहित्य त:मुंज्यालाई वर्गीय दृष्टिकोणबाट हेर्न आवश्यक रहेको बताउनुभयो । उहाँले त:मुंज्याले कामदारवर्गको पक्ष लिँदै आएको उल्लेख गर्दै साहित्य र संस्कृति जनतासँग जोडिनुपर्नेमा जोड दिनुभयो ।

उहाँले नेपालभाषा साहित्य त:मुंज्या तथा साहित्य गोष्ठीहरू नभएका भए थुप्रै साहित्यकार र कलाकारको जन्म नहुने बताउनुभयो ।

नेपालभाषा साहित्यको विकासमा त:मुंज्याको ठुलो योगदान रहेको उल्लेख गर्दै स्थानीय संस्कृति र साहित्यको संरक्षण तथा विकास गर्नु नयाँ पुस्ताको जिम्मेवारी भएको बताउनुभयो ।

कार्यक्रमका सभापति एवं नेपालभाषा साहित्य त:मुंज्याका अध्यक्ष आशाकुमार चिकंबञ्जारले क्रान्तिकारीहरूले लेखेपछि मात्रै क्रान्तिकारी साहित्यको विकास हुने बताउँदै अग्रजहरूले देखाएको बाटो नयाँ पुस्ताले बिर्सन नहुने धारणा राख्नुभयो ।

उहाँले नयाँ पुस्ताले अध्ययन र अनुसन्धानलाई प्राथमिकता दिनुपर्ने उल्लेख गर्दै अध्ययन-अनुसन्धानका लागि विदेश नै जानुपर्छ भन्ने सोच राख्न नहुने बताउनुभयो । नयाँ पुस्ताबाट नयाँ-नयाँ विषयमा साहित्य सिर्जना हुने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो ।

उक्त भेलाले उकेश कवांको अध्यक्षतामा ७५ सदस्यीय ४६ औँ नेपाल भाषा साहित्य त:मुंज्या आयोजक समिति गठन गरेको हो ।

पुरुषोत्तम ग्वाछ्वाले नेपालभाषा साहित्य त:मुज्यालाई भव्य रूपमा सम्पन्न गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

# के नेपालमा संसदीय व्यवस्थालाई अफापसिद्ध गर्न खोजिएको हो ?

काठमाडौँ, २८ साउन । २८ साउन २०८३ को 'अन्नपूर्ण' ले लेख्यो - 'चार महिनामै पुग्न छोड्यो संसद्मा गणपूरक सङ्ख्या' । झन्डै दुईतिहाइ मत भएको राष्ट्रिय स्वतन्त्र पार्टीका संसद् सदस्यहरूलाई आफ्नै सरकारको विधेयक पारित गर्न गणपूरक सङ्ख्या नपुग्नु भनेको ठुलो आँधी आउनुभन्दा पहिलेको राजनीतिक सङ्कटको सङ्केत हो कि भन्ने शङ्का गर्ने ठाउँहरू छन् ।

पहिले पनि नेपाली काङ्ग्रेस, एमाले, नेपाली कम्युनिस्ट पार्टी, समाजवादी, राप्रपा वा अन्य दलहरूसँगको सरकार वा एकल सरकारमा संसद्मा गणपूरक सङ्ख्या नपुग्दा नेपाल मजदुर किसान पार्टीले खबरदारी गर्ने गरेको थियो । त्यसबेला पनि सरकारहरू बारम्बार दलबदल सांसदहरूले लेनदेन गरेर सरकार जोगाउँथे । आखिर २०८२ को भदौको २३ र २४ को उपद्रवले पुँजीवादी सरकार मात्रै ढलेन । पुँजीवादी व्यवस्थाका विधानपालिका (संसद्), कार्यपालिका (मन्त्रिमण्डल), न्यायपालिका (अदालत) का केन्द्रीय भवनहरू मात्रै खरानी भएनन् बरु देशभरिका प्रहरी चौकी, प्रदेश र नगरपालिका र गाउँपालिकाका भवनहरूसमेत खरानी भए ।

कुरा त्यतिमै समाप्त हुँदैन । प्रजातन्त्रका ठेकदारी दलहरू जो बरोबर सरकारमा शासन गरिसकेका पार्टी कार्यकर्ताहरूले नै एकले अर्को दलको साइन बोर्ड, झण्डा र अफिसहरूका सामानसमेत अग्निकुण्डमा 'स्वाहा' गरेका थिए; ती कार्यकर्ताहरू जसले हिजोका प्रजातन्त्रलाई अग्निकुण्डमा पुऱ्याउन योगदान गरेका थिए । ती कार्यकर्ताहरू नै संसद, प्रदेश सभा र स्थानीय तहमा आ-आफ्ना दलहरूकै प्रतिनिधिहरू छन् भने कार्यकर्ताहरू रास्वपाबाट सांसदहरू छन् ।

के यो गाईजात्रा हो ? खोइ आ-आफ्नो राजनीतिक दलको सिद्धान्त, नीति र कार्यक्रमप्रतिको आस्था र समर्पणको भावना ? हिजोका राणाहरूका आठ पहरियाहरूकै छोराछोरी कति नेपाली काङ्ग्रेस, राष्ट्रिय काङ्ग्रेस, गोर्खा परिषद्, के आई सिंहको कम्युनिस्ट र संयुक्त पार्टीमा पुगे । ती नै 'दल बदल' पेसा र फेसन बनाएका कार्यकर्ताहरू पञ्चायती व्यवस्थाका कार्यकर्ता र कर्मचारीहरू 'कम्युनिस्ट' भनिने दलहरूमा नेता र छोराछोरीलाई समेत पठाएका छन् ।

के नेपाली काङ्ग्रेससँग बीपी कोइरालाको 'प्रजातान्त्रिक समाजवाद' को भेष र भाषा बाँकी छ ?

भारतबाट 'माओवादी' नामले आएका प्रचण्ड र बाबुरामको दलका नेता र सक्रिय कार्यकर्ताहरू पार्टी नेता र सिद्धान्तको विरोधमा छन् भने कति नयाँ पुस्ता सुन तस्करी र अनि अन्य के के गलत बाटोमा छन् ? किन ?

***बाँकी पृष्ठ २ मा***

# देशको अवस्थाबारे उब्जिएका प्रश्न

- नेपालमा वित्तीय संस्थाबाट ऋण लिएका ७७ प्रतिशतको ऋण तिर्ने क्षमता कमजोर भएको सार्वजनिक भयो । यसले पनि नेपालको अर्थतन्त्र ओरालो लागेको सङ्केत गर्छ । सरकारले वित्तीय संस्थाहरू सहकारीलगायतलाई सदस्यहरूको हितमा स्थानीय स्रोत र सीपमा आधारित उत्पादनमूलक काम गराउने गरी कानुन बनाउन ढिलो भइसकेको छ । सरकार कुनै सामन्त किन कसरी मारिए भनी चिन्तनमा लाग्नुभन्दा आम नेपाली जनता कसरी मरिरहेका छन् ? यसतर्फ लाग्नु जरुरी हुन्छ ।
- कोसी प्रदेश प्रहरी कार्यालयले आव २०८२/८३ मा गाजा २७ हजार ६९३ केजी, चरेश १४५ ग्राम, ब्राउन सुगर १० केजी, मनोदीपक (मन प्रज्वलित) चक्की ४४ हजार ४५ थान बरामद गरिएको सार्वजनिक भयो । नेपाल-भारत खुला सीमाको कारण पनि नेपाल लागुपदार्थको 'ट्रान्जिट प्वाइन्ट' भइरहेको हो । आजसम्मका सरकारहरू नेपाल-भारत खुला सीमा नियमन गर्नेतर्फ किन लागेनन् ?
- 'द डिप्लोम्याट' भन्ने सञ्चारमाध्यममा रूपाली साहले सन् १८१६ को सुगौली सन्धिअनुसार नारायणी (गण्डकी) नदीको मध्य भागलाई सीमा मानिएको र

***बाँकी पृष्ठ २ मा***

# यो रवि-बालेन सरकार के सरकार हो ?

काठमाडौँ, २८ साउन । राजनीतिबारे सरोकार राख्ने नागरिकलाई थाहा छ - कुनै पनि सरकार देशको संविधानको विरोधमा जान सक्दैन । यो रवि-बालेन सरकारलाई वर्तमान देशको संविधान 'समाजवाद उन्मुख' छ भन्ने जरूरै थाहा छ । तर, यस सरकारको गतिविधि पूर्णरूपले संविधानविरोधी छ । सरकारले शोषकवर्गको पक्षमा काम गर्दै छ; सरकारको काम 'प्रतिगामी' छ । त्यसको उदाहरण एकै दिनका समाचार शीर्षकहरूले समेत साबित गर्छ -

१) 'ऋण तिरिसक्दा पनि १७ परिवारको साढे तीन बिघा जग्गा फूलकुमारीको कब्जामा' - 'नयाँ पत्रिका', २८ साउन २०६३ ।

जिल्ला प्रशासन कार्यालयबाट न्याय नपाएपछि पीडितहरूले सप्तरी प्रहरी कार्यालयमा उजुरी दिए । सबै पीडितको गुहार छ - 'हाम्रो जग्गा फिर्ता दिलाऊ, मिटरब्याजी फूलकुमारीलाई कारबाही गर !'

२) 'जनकपुरमा पनि साहुकारको ज्यादती : ६ लाख ऋणको एक करोड ६१ लाख तिर्दा पनि घर लिलाम !'

भूमिसुधार ऐनअनुसार सावाँभन्दा ब्याज बढी गयो भने सावाँसमेत तिर्न नपर्ने हो ।

सरकारले संविधान र ऐन अनुसार काम गर्न तल्लो तहका कार्यालयहरूलाई कानुनबमोजिम गर्न सचेत गराउनै पर्ने हो । अदालती बन्दोबस्तअनुसार कुनै पनि देशमा न सुधार हुन्छ, न क्रान्ति नै ! भारत स्वतन्त्र भएको ८० वर्ष नाघ्दा पनि त्यहाँको समस्या जहाँको तहीँ छ । त्यसको मुख्य कारण टाढाको उद्देश्य 'समाजवाद' स्वीकार्दा पनि शोषणरहित समाज बनाउन तल्लो तहका कार्यालयहरूले संविधान र ऐनलाई लागु नगर्नु हो ।

३) देशको अर्थतन्त्र ध्वस्त गर्ने व्यक्ति तथा पुँजीवादी संस्थालाई प्राथमिकता दिनु नै देशको अर्थतन्त्रलाई ध्वस्त पार्ने उपाय हो ।

शीर्षक हो - 'एनसेलको सेयर खरिद र स्मार्ट सेलको लिलामी प्रकरण : २२ विरूद्ध मुद्दा दायर, ९६ अर्ब बिगो'

यस्ता मुद्दामा ढिलो फैसला गर्दा अनेक जालझेलबाट अपराधीहरू मुक्त हुने सम्भावना रहन्छ - माथिल्लो तहबाटै ।

४) 'उदयपुर सिमेन्ट' उद्योगबारे सबै जनता जानकार छन् । 'बोरा अभावमा ६ महिना गोदाममै थन्किएको उदयपुर सिमेन्ट बल्ल बिक्री !' - 'नयाँ पत्रिका', २८ साउन २०८३ ।

कर्मचारी वा तल्लो कार्यालयले जानीबुझीकनै बोराको बन्दोबस्त नगरेपछि सिमेन्टको के दशा होला ! सबैलाई थाहा छ - अन्य सिमेन्ट फ्याक्ट्रीबाट घूस खाएर पनि आफ्नो कम्पनी डुबाउने यो पुँजीवादी जालसाजीको एउटा रोग हो । यस्ता विश्वासघातीहरूलाई चर्को कारबाही गरिएमा कलकारखाना र देशलाई जोगाउन सकिन्छ ।

५) 'प्रदेश सरकारमा थपिँदै बेरूजु भार : कोसीमा ६ अर्ब, गण्डकीमा तीन अर्ब !' - 'नागरिक' दैनिक, २८ साउन २०८३

६) 'मनमोहन भास्कुलरमा शल्यक्रिया गर्न आठ महिना कुर्नुपर्ने !' मनमोहनको नाममा राखिएको कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान सेन्टरमा कास्कीका २५ वर्षीय युवा रनबहादुर थापा (नाम परिवर्तन) पुगी चिकित्सकहरूलाई समस्या देखाउँदा चिकित्सकले शल्यक्रियाको पालो माग्दा जनरलतिर चैतमा र विस्तारित सेवामा पुससम्म पालो आउने बताए ! - 'नागरिक' दैनिक, २८ साउन २०८३

अस्पताल छ; सामान छ । तर, बन्दोबस्तमा तदारूकताको निम्ति सरकारको ध्यान र सहयोग नपुग्दा जनता अकालमा मर्ने स्थिति सबै जनतालाई थाहा छ । यसकारण, यस सरकारबारे जनताले बारम्बार प्रश्न उठाउँदै गरेका हुन् । देशमा खर्बौं रुपैयाँको भौतिक संरचना भए पनि सबै समस्या समाधान नहुनेबारे रवि-बालेन सरकारले सोच्नैपर्छ ।

***व्यङ्ग्यचित्रको कुनो***





**खँम्ये नवदुर्गा द्योछेँ (आँगन घर) मा भित्र्याइँदै**

भक्तपुरको नवदुर्गा द्योछेँ (आँगन घर) मा दसैँका लागि बिहीबार धार्मिक परम्परानुसार खँम्ये भित्र्याइयो। धार्मिक मान्यताअनुसार यसलाई दसैँको महानवमीका दिन खँम्येलाई रक्सी खुवाएर नगर परिक्रमा गरी महिषासुरको रूप मानेर उक्त मन्दिरबाट ब्रह्मायणी पीठ (मन्दिर) मा लगेर वध गर्ने चलन छ।

*तस्बिर: रेणु त्वानाबासु/रासस*

# भक्तपुर जेसिसका पदाधिकारी युवाहरूबिच अन्तरक्रिया कार्यक्रम




भक्तपुर, २८ साउन। अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा बुधबार भक्तपुर नगरपालिका वडा नं. ९ कार्यालयमा वडाध्यक्ष रवीन्द्र ज्याख्वसँग भक्तपुर जेसिसका पदाधिकारी युवाहरूबिच अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

युवाको अवसर, चुनौती र सम्भावना विषयमा सम्पन्न उक्त अन्तरक्रिया कार्यक्रममा वडाध्यक्ष ज्याख्वले युवा उमेरभन्दा विचारले हुने चर्चा गर्दै वैज्ञानिक उपलब्धि तथा आधुनिक सूचना प्रविधिको विकासले युवाहरूमा प्राविधिक ज्ञान र सृजनशीलता बढेको बताउनुभयो। अघिल्लो पुस्ताभन्दा युवाहरू जानकार र प्रविधिमैत्री भएकोले आफ्नो सीप, योग्यता र ज्ञानलाई समाज र देशको प्रगतिमा सदुपयोग गर्न आवश्यक रहेको उहाँले बताउनुभयो।

सामाजिक सञ्जालको कारण युवाहरूमा एकोहोरोपना र नकारात्मक दृष्टिकोण विकास भइरहेकोमा सचेत हुन आग्रह गर्दै उहाँले अधिकारसँगै कर्तव्यबोध पनि हुनुपर्ने र देश निर्माणमा सकारात्मक भूमिका निर्वाह गर्न अग्रसर हुनुपर्नेमा जोड दिनुभयो।

भक्तपुर नगरपालिकाको तर्फबाट भइरहेका युवालक्षित गतिविधिहरूको विषयमा चर्चा गर्दै उहाँले हरेक युवालाई शिक्षा र संस्कारसँगै हातमा सीप दिएर स्वावलम्बी र स्वरोजगार बनाउने तथा आत्मनिर्भर अर्थतन्त्र निर्माणतर्फ अघि बढ्न नगरपालिकाले उत्साहित गरिरहेको जानकारी दिनुभयो।

भक्तपुर जेसिसका अध्यक्ष दिलरेमण कोजूले भक्तपुर नगरपालिकाले युवाहरूलाई लक्षित गरेका गतिविधिहरूबारे जानकारी पाइरहेको उल्लेख गर्दै युवाहरूलाई पूर्ण आत्मनिर्भर बनाउने सीप हस्तान्तरणमा नगरपालिकाले जोड दिने विश्वास व्यक्त गर्नुभयो। युवाहरूमा सूचना प्रविधिको नवीनतम् ज्ञानको उपयोग गर्ने दक्षता हुने प्रस्ट पार्दै उहाँले नगरवासीहरूको समग्र आर्थिक र सामाजिक विकासका लागि नगरपालिकाका योजनाहरू कार्यान्वयन गर्ने क्रममा युवा परिचालनलाई जोड दिन पाए थप सकारात्मक परिणाम आउने बताउनुभयो।

अन्तरक्रिया कार्यक्रममा सहभागी युवाहरूले नगरपालिकाको आधिकारिक डिजिटल प्लेटफर्ममार्फत जनताबिच आधिकारिक दृष्टिकोण प्रवाह गर्ने, जनगुनासो तथा सुझाव सङ्कलन र विश्लेषण गर्ने, छापा प्रकाशनलाई डिजिटल मेडियामार्फत सार्वजनिक गर्ने, युवाहरूको सहभागितामा योजना कार्यान्वयनमा सहजीकरण गर्ने, नगरपालिकाले शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा निर्माणलगायतका गतिविधिहरूको विवरणसँगै ती उत्कृष्ट अभ्यासबाट जनतामा परेको सकारात्मक प्रभावको मूल्याङ्कन गर्ने विधि अपनाउनुपर्नेजस्ता रचनात्मक सुझावहरू प्रस्तुत गरेका थिए।

# मध्यपुर थिमिमा स्ववासीलाई जग्गाधनी प्रमाणपुर्जा वितरण

भक्तपुर, २८ साउन। नापी कार्यालय भक्तपुरको आयोजनामा मध्यपुर थिमि नगरपालिका-८ मा स्ववासीलाई जग्गाधनी प्रमाणपुर्जा वितरण कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले स्ववासीलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गर्दै लामो समयदेखि जग्गाधनी प्रमाणपुर्जाको अभावमा स्थानीयवासीले विभिन्न समस्या भोग्दै आएको बताउनुभयो। उहाँले भक्तपुर जिल्लामा भूमिहीन तथा सुकुमवासीको समस्या हेर्दा मध्यपुर थिमि क्षेत्रमा सङ्ख्या बढी रहेको उल्लेख गर्दै भूमिहीन तथा किसानलाई जग्गाधनी प्रमाणपुर्जा वितरण कार्य सुरु गरिएको बताउनुभयो।

मध्यपुर थिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठले जग्गाधनी प्रमाणपुर्जा वितरण गर्दै स्ववासीलाई पुर्जा उपलब्ध गराउन नगरपालिकाले गरेको लामो सङ्घर्ष र पहलका बारेमा जानकारी दिनुभयो।

नापी कार्यालय भक्तपुरका अनुसार मध्यपुर थिमि नगरपालिका-८, बोडे क्षेत्रमा ४२१ जनालाई जग्गाधनी प्रमाणपुर्जा वितरण गर्ने तयारी रहेको छ। सोही कार्यक्रमअन्तर्गत पहिलो चरणमा ११ जनालाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको हो।

कार्यक्रममा मध्यपुर थिमि नगरपालिका-८ का वडाध्यक्ष रमेश थापा श्रेष्ठले स्वागत गर्दै जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरेपछि भूमिहीन तथा स्ववासीले विभिन्न कानुनी तथा सामाजिक अधिकार प्राप्त गर्ने बाटो खुल्ने भएकाले कार्यक्रम महत्त्वपूर्ण रहेको बताउनुभयो।

लामो समयदेखि जग्गाधनी प्रमाणपुर्जाको पर्खाइमा रहेका स्थानीयवासीले पुर्जा प्राप्त गरेपछि आफ्नो जग्गाको कानुनी स्वामित्व सुनिश्चित हुने अपेक्षा गरिएको छ।

# एआई एक्सरे प्रविधिद्वारा छाती रोग परीक्षण कार्यक्रम सम्पन्न

भक्तपुर, २८ साउन। भ.न.पा. ६ नं. वडा कार्यालयको आयोजनामा ६ वडा कार्यालय प्राङ्गण, भोलाछेँमा एआई एक्सरे प्रविधिद्वारा छाती रोग परीक्षण कार्यक्रम सम्पन्न भयो।

उक्त एआई एक्सरे प्रविधिद्वारा छाती रोग परीक्षण कार्यक्रममा वडाध्यक्ष हरिराम सुवालले नेपाल मजदुर किसान पार्टीको चुनावी घोषणापत्रअनुसार भक्तपुर नगरपालिकाबाट कला र संस्कृति जगेर्ना गर्नुका साथै शिक्षा, स्वास्थ्य, सफाइ तथा नगरवासीहरूको सांस्कृतिक स्तर उकास्न निरन्तर अथक प्रयत्नरत रहेको बताउनुभयो।

उहाँले गाईजात्रा पर्व (सापारु) सभ्य र संयमित उल्लासपूर्ण रूपमा मनाउन आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्ने चर्चा गर्नुभयो। उहाँले आर्थिक अभावबाट उच्च शिक्षा हासिल गर्न वञ्चित नहोस् भन्ने हेतुले भक्तपुर नगरपालिकाबाट चार प्रतिशत ब्याज दरमा सात लाखसम्मको शैक्षिक ऋण सुविधा आह्वान भइरहेको बताउनुभयो।

वडावासीहरूको साथ र सहयोगमा स्थानीय वडावासीहरू रहेको उपभोक्ता समितिमार्फत वडाको विकास निर्माण कार्य भइरहेको जानकारी दिँदै उहाँले आगामी दिनमा पनि अमूल्य सुझाव तथा साथ र सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो।

भनपा कार्यपालिका सदस्य रोशनमैँया सुवालले धूमपान, बढी चिल्लो भएको खानपिन, धुवाँ धुलो वातावरणीय प्रदूषणले फोक्सोको क्यान्सरसमेत हुनसक्ने जोखिम भएको बताउनुभयो। "त्यसबाट समय-समयमै स्वास्थ्य जाँच गरिरहनुपर्ने आवश्यकता छ," उहाँले भन्नुभयो।

उहाँले दीर्घ रोगीहरूले चिकित्सकको सल्लाहमा मात्रै छाती एक्सरे परीक्षण गराउनुहुन अनुरोध गर्दै स्वास्थ्य परीक्षण कार्यक्रमले थोरै भए पनि लाभ हुने आशा व्यक्त गर्नुभयो।

वडा सदस्य गोविन्द दुवालले नेपाल मजदुर किसान पार्टीको किसान आन्दोलनले सबैको आर्थिक स्तर उठेको उल्लेख गर्दै विगतमा किसानहरू पराल, छ्वाली, काठ बाली खाना पकाउने हुँदा धुवाँले दम खोकीको समस्या भएको उल्लेख गर्नुभयो। उहाँले चुरोट, तमाखु, जाँड रक्सी, कुलतबाट अल्पसमयमै मृत्युवरणसमेत हुनसक्नेबारे सचेत हुनुपर्छ भन्नुभयो। उहाँले स्वास्थ्य राम्रो भए समाज नै राम्रो हुने बताउँदै स्वास्थ्यलाई हेलचेक्राइँ नगर्न आग्रह गर्नुभयो।

समाजसेवी गोपीकृष्ण चाँगुभारीले भक्तपुर नगरपालिकाले नगरवासीहरूको स्वास्थ्यलाई मध्यनजर गरी विभिन्न स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गरिरहेको सराहनीय कार्य भएको उल्लेख गर्नुभयो। विगतमा काठमाडौँबाट दैनिक डाक्टर ल्याई जनस्वास्थ्य केन्द्रबाट स्वास्थ्य सेवा उपलब्ध गराइरहेकोमा हाल ख्वप अस्पतालबाट जनताले सर्वसुलभ रूपमा स्वास्थ्य सेवा पाइरहेको उहाँले उल्लेख गर्नुभयो।

वडा सदस्य सिद्धिराम अवालले जथाभावी फोहर नफाली कुहिने र नकुहिने छुट्याई फोहर सङ्कलनमा सहयोग गर्नुपर्ने बताउँदै भक्तपुर नगरपालिकाले सफाइ, शिक्षा, स्वास्थ्य क्षेत्रमा ठुलो रकम लगानी गरिरहेको बताउनुभयो।

# सामुदायिक स्वास्थ्य इन्स्टिचुटलाई दर्ता गरी सञ्चालन गर्न निर्देशन

भक्तपुर, २८ साउन। भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको संयोजकत्वमा दूधपाटीमा रहेको सामुदायिक स्वास्थ्य इन्स्टिच्युट र सल्लाघारीमा रहेको चक्रबत्ती हवि एजुकेसन एकेडेमीमा बिहीबार अनुगमन गरियो। नगरपालिकामा दर्ता नगरी सञ्चालनमा रहेकोले सात दिनभित्र नगरपालिकामा उपस्थित हुन निर्देशन दिइएको बताइएको छ।

सामुदायिक स्वास्थ्य इन्स्टिच्युटमा सीटीभीटीबाट २०७८ मा सम्बन्धन लिई २०८१ सालदेखि हेल्थ आसिस्टान (एच.ए.) नगरपालिकाको स्वीकृतिबिना सञ्चालन भएकोले सात दिनभित्र नगरपालिकामा उपस्थित हुन निर्देशन दिइयो।

चक्रबत्ती हवि एजुकेसन एकेडेमी पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धन लिई बीएससी नर्सिङ सञ्चालन भई ८० जना विद्यार्थी अध्ययनरत रहेकोमा पीसीएल नर्सिङ सीटीभीटीले सम्बन्धन खारेज गरेको थियो।

अनुगमनमा समितिका सदस्य श्यामकृष्ण खत्री, रीता फसिकवा, भनपा श्यानिटेसनका न.नि. दिलिपकुमार सुवाल, वडा निरीक्षक रामकृष्ण प्रजापति, कर अधिकृत प्रभाषकुमार चालिसे, जिल्ला प्रशासन कार्यालय भक्तपुरका नवराज पोखरेल, महानगरीय प्रहरी परिसरका प्र.स.नि. कृष्णबहादुर खत्री, राष्ट्रिय उपभोक्ता मञ्चका लक्ष्मी भण्डारी, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका



लक्ष्मीप्रसाद बाटी, वाणिज्य तथा उद्योग कार्यालयका लक्ष्मीप्रसाद कासुला, भक्तपुर उद्योग वाणिज्य सङ्घका वैकुण्ठ मानन्धरको सहभागिता थियो।

***के...***

ओलीजीले 'व्यक्ति हत्या' गरेरै 'नयाँ जनवाद' समाजवाद र साम्यवाद ल्याउने गलत सिद्धान्तलाई त्यागेर आफ्नो विराम स्वीकार गर्दै अपराध मोचन गरेर पुँजीवादी सरकारको शासक बनेर देशलाई 'सम्भावित' सङ्कटबाट जोगाउन नसक्ने थाहा पाएर पुन: पार्टीको नेतृत्वको किचलो गर्नु कुन राजनीतिक नैतिकताले दिन्छ ?

प्रचण्ड, माधव नेपाल र झलनाथ खनाललाई अझै सरकारमा जाने लालचप्रति लाज छैन। आ-आफ्नै दलमा को को मन्त्री र नेताहरू कुन कुन देशका दलाल र गुप्तीहरू छन् भनी जनतालाई नबताई ती 'बहादुरहरू' देशबाट भाग्न पनि पाउँदैनन् भनी मनमा राख्नु उपयुक्त हुन्छ।

नेपाली उखानलाई सम्झौँ - 'सुनलाई सयचोटि जोख्ने, मानिसलाई एकचोटि जोख्ने हो।' बाबुराम भट्टराईलाई के जोख्ने ? उनी पनि कुन कुन पार्टीमा लागे थाहा होला नै !

जो जहाँ छ त्यहाँ त्यहाँ सबैले इमानदारीपूर्वक काम र कर्तव्य पूरा गरेका भए देश आज जस्तो 'केटाकेटीको खेलमा फस्नु' पर्ने थिएन। यसको सबै दोष सरकारमा शासन गर्ने, पार्टी, नेता एवम् कार्यकर्तालाई सिद्धान्त र नैतिकताको शिक्षाबाट वञ्चित गरेकै कारण भन्दा फरक नपर्ला !

***देशको...***

भारत-नेपाल सीमा विवाद ९० प्रतिशत सुल्झाइसकेको उल्लेख गरे। सुगौली सन्धिअनुसार महाकाली नदीपारिमात्र भारत पर्ने र महाकाली नदी सिङ्गै नेपालको हो। नेपालको दक्षिणतर्फ केही ठाउँमा नदी र कतै रुख बिरुवा वा खोल्सा सिमाना कायम गरिएकोमा भारतले नदी-खोल्सा नेपालतर्फ सार्दै नेपाली भूमि अतिक्रमण गरेको हो। यतिबेला भारतले दुई देशको सीमास्तम्भ नै नेपालतर्फ सार्ने गरिरहेको पनि पुरानो हो। भारतले नेपालको इलामको पशुपति नगरदेखि सप्तरीको तिलाठी र लालापट्टि, नवलपरासीको सुस्ता, कञ्चनपुरको गौरीफान्टा, दोधारा चाँदनीदेखि दार्चुलाको लिपुलेक, कालापानी, लिम्पियाधुरासम्म अतिक्रमण गरेको छ। यसकारण, नेपाल-भारत ९८ प्रतिशत सीमा विवाद सुल्झिएको दाबी झूटा हो। भारतले नेपालको भूमि अतिक्रमण गरेको फिर्ता नगरेसम्म भारतसँगको सीमा विवाद कसरी सुल्झिन्छ ? भारतसँग डराएको सरकारले सुल्झिएको दाबी गरे पनि नेपाली जनता मान्ने अवस्था छैन।

## सङ्क्षिप्त समाचार

# सिंहदरबारमा खाद्य व्यापार कम्पनीको बिक्री कक्ष सञ्चालन

काठमाडौँ, २८ साउन । सरकारी स्वामित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले मुख्य प्रशासनिक केन्द्र सिंहदरबार परिसरमा बिहीबारदेखि बिक्री कक्ष सञ्चालनमा ल्याएको छ ।

कम्पनीको सातौँ वार्षिकोत्सवको सन्दर्भ पारेर सञ्चालनमा ल्याइएको सो बिक्री कक्षको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री गौरीकुमारी यादवले उद्घाटन गर्नुभयो । बिक्री कक्षबाट सिंहदरबारमा कार्यरत राष्ट्रसेवक कर्मचारी तथा सेवाग्राहीले दैनिक उपभोग्य वस्तु सहजरूपमा प्राप्त गर्ने कम्पनीले जनाएको छ ।

बिक्री कक्ष उद्घाटनपछि सञ्चारकर्मीसँग मन्त्री यादवले आम उपभोक्तालाई सहुलियत मूल्यमा गुणस्तरीय खाद्यवस्तु उपलब्ध गराउन सरकार प्रयत्नशील रहेको बताउनुभयो ।

सेवा विस्तारसँगै बिक्री कक्षमा नेपाली उत्पादनलाई प्राथमिकता दिइएको कम्पनीका विभागीय प्रबन्धक घनश्याम अर्यालले राससलाई जानकारी दिनुभयो ।

कम्पनीका विभागीय प्रबन्धक अर्यालले भन्नुभयो, "यो केबल एउटा बिक्री कक्षको उद्घाटन मात्र होइन, नेपाली उत्पादनलाई प्राथमिकता दिने, स्वदेशी किसान र उद्योगलाई बजारसँग जोड्ने तथा उपभोक्तालाई गुणस्तरीय वस्तु सहजरूपमा उपलब्ध गराउने कम्पनीको प्रतिबद्धताको व्यवहारिक सुरुआत हो ।"

उक्त कक्षमा १४२ प्रकारका खाद्य तथा गैरखाद्य वस्तु बिक्रीका लागि राखिएको छ । कम्पनीले बिहीबारदेखि ४४ जिल्लाका १९३ स्थानमा सहुलियत मूल्य पसल सञ्चालनमा ल्याएको छ । सुपथ मूल्य पसलमा उपभोक्ताले दैनिक उपभोग्य वस्तुमा प्रतिकिलो र प्रतिलिटरमा रु. पाँच छुट पाउनेछन् । ***रासस***

# जापानिज इन्सेफ्लाइटिसबाट पाँचको मृत्यु

भद्रपुर (झापा), २८ साउन । जापानिज इन्सेफ्लाइटिस (जेई) सङ्क्रमणबाट झापामा पछिल्लो चार महिनामा पाँच जनाको मृत्यु भएको छ ।

जिल्लामा हालसम्म नौ जनामा जेई सङ्क्रमण पुष्टि भएकोमा पाँच जनाको मृत्यु भएको हो । मृत्यु हुनेमा तीन पुरुष र दुई महिला रहेका छन् ।

सङ्क्रमितमा मेचीनगरका तीन, हल्दिबारीका एक, बाह्रदशीका एक, कचनकवलका एक, बिर्तामोडका दुई र अर्जुनधाराका एक जना छन् ।

स्वास्थ्य कार्यालय झापाका जनस्वास्थ्य निरीक्षक विश्वनाथ श्रेष्ठले सङ्क्रमित अधिकांश ५० वर्षभन्दा माथिका रहेको जानकारी दिनुभयो । जापानिज इन्सेफ्लाइटिस क्युलेक्स जातको सङ्क्रमित लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने भाइरसजन्य रोग हो । सङ्क्रमण भएपछि भाइरसले मस्तिष्कमा असर गर्छ ।

सुँगुर र हाँस जेई भाइरसका मुख्य स्रोत मानिन्छन् । सुँगुर पालन गर्ने व्यक्ति तथा धानखेत र पानी जम्ने क्षेत्र आसपास बसोबास गर्नेहरू सङ्क्रमणको उच्च जोखिममा रहने गर्छन् । स्वास्थ्य कार्यालय झापाका खोप अधिकृत राजकुमार पोखरेलले जेईबाट बच्नका लागि लामखुट्टेको टोकाइबाट जोगिन तथा सरकारले सञ्चालन गर्ने नियमित खोप कार्यक्रममा सहभागी भएर जेईविरुद्धको खोप लगाउन आग्रह गर्नुभयो । ***रासस***

# सम्पादक श्रेष्ठलाई रिहा गर्न पत्रकार महासङ्घको माग

काठमाडौँ, २८ साउन । नेपाल पत्रकार महासङ्घले वरिष्ठ पत्रकार एवं 'जनआस्था' साप्ताहिकका प्रधान सम्पादक किशोर श्रेष्ठलाई तत्काल रिहा गर्न माग गरेको छ । प्रेस काउन्सिल नेपालका पूर्वकार्यवाहक अध्यक्ष श्रेष्ठलाई काठमाडौँ प्रहरी परिसरको टोलीले ललितपुरको कुसुन्तीस्थित निवासबाट पक्राउ गरेको घटनाको विरोध गर्दै महासङ्घले अविलम्ब रिहा गर्न माग गरेको हो ।

महासङ्घका महासचिव रामप्रसाद दाहालद्वारा बिहीबार जारी विज्ञप्तिमा 'प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, पत्रकार आचारसंहिता र संविधानविरुद्ध पक्राउ गरिएका' मा आपत्ति व्यक्त गर्दै रिहाइको माग गरिएको छ ।

सम्पादक श्रेष्ठको रिहाइको माग गर्दै महासङ्घको आह्वानमा भद्रकालीस्थित जिल्ला प्रहरी परिसर, काठमाडौँको कार्यालय अगाडि पत्रकारहरूले बिहीबार बिहानदेखि धर्ना दिएका छन् ।

पत्रकार महासङ्घसहित आमसञ्चारसम्बद्ध विभिन्न सङ्घ, संस्थाका तर्फबाट समेत पत्रकार श्रेष्ठलाई पक्राउ गरिएकामा विरोध गर्दै रिहाइका लागि अनुरोध गरिएको छ । यसैबिच नेपाल प्रहरीले वैयक्तिक गोपनीयतासम्बन्धी उजुरीका आधारमा अदालतबाट अनुमति लिई पत्रकार श्रेष्ठलाई पक्राउ गरेको स्पष्ट गरेको छ । ***रासस***

# चोरी भएका ५० थान दुईपाङ्ग्रे सवारीसाधन धनीलाई हस्तान्तरण

काठमाडौँ, २८ साउन । काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथले काठमाडौँ उपत्यकाभित्र विभिन्न मिति र स्थानबाट चोरी भएका ५० थान दुईपाङ्ग्रे सवारीसाधन सम्बन्धित धनीलाई हस्तान्तरण गरेको छ ।

प्रहरीले खोजतलास गरी बरामद गरेका ३० थान मोटरसाइकल र २० थान स्कुटर बिहीबार एक कार्यक्रमबिच सम्बन्धित धनीलाई हस्तान्तरण गरेको हो । उक्त कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले खोजतलासबाट फेला पारिएको सवारीसाधन सम्बन्धित सवारी साधन धनीलाई हस्तान्तरण गर्नुभएको हो । प्रहरीले सवारीसाधन चोरी हुन नदिन सुरक्षित स्थानमा पार्किङ गर्न तथा सवारीसाधनका आवश्यक कागजात सुरक्षित राख्न सर्वसाधारणलाई आग्रह गर्दै आएको छ । ***रासस***



**महभिरको जोखिमयुक्त सडक**

चीन र भारत जोड्ने कालीगण्डकी कोरिडोरको बेनी-जोमसोम-कोरला सडकअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ महभिरको जोखिमयुक्त सडक । बेनी-जोमसोम-कोरला सडक योजना कार्यालयले महभिर क्षेत्रमा सडक फराकिलो पार्ने र पक्की बनाउन ठेक्कामार्फत काम गरिरहेको छ ।

*तस्बिर: सन्तोष गौतम/रासस*

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – ८५

**कर्णाली प्रदेश, सुर्खेत**
**विष्णु खड्का, व्यवसायी, उपसभापती, नेका, सुर्खेत**

आयोगले राजनीतिक आग्रह, पूर्वाग्रहबाट बच्दै सत्यको खोजी गरेर निष्पक्ष अनुसन्धान गरी देशलाई नयाँ दिशा दिन सफल होस् । आयोगका अध्यक्षको निष्पक्षतामा प्रश्न छ । भदौ २४ गतेको विध्वंस नियोजित तथा प्रायोजित थियो । भदौ २४ गते सुर्खेतमा ११:३० बजे मेरो इत्रामस्थित घर नजिक ३०-४० जना मानिस जम्मा भएका थिए । १२:४५ बजे नेकपा एमाले जिल्ला कार्यालयमा स-सानो जमातले आगजनी गरेको थियो । मोटरसाइकलमा प्रायोजित भीडले आगजनी गरेको अवस्था छ । १३:३०-१४:०० बजेको समयमा मेरो घरमा आगजनी भएको थियो । यो आन्दोलन नभई अराजकता हो । यसको दीर्घकालीन समाधान गर्न सकिएन भने आजभन्दा भयावह हुने अवस्था हुन्छ । देशमा सुरक्षाविहीन, राज्यविहीन अवस्था सिर्जना भएको छ । पहिचानविहीन अवस्थाको सिर्जना भएको छ । यसको निराकरण कानुनको राज र कानुनको सही र निष्पक्ष प्रयोगबाट मात्र हुन्छ । गृहमन्त्री नै राजनीतिक दलका विरुद्व वक्तव्यबाजी गर्दै हिँड्नु शोभनीय छैन । लुटेराहरू खुलेआम धम्काउँदै हिँडिरहेका छन् । आयोगले निष्पक्ष छानबिन गरी कानुनको राज कायम हुन आवश्यक छ । अनुमानित ३५-४० लाख बराबरको क्षति भएको छ । नागरिकका सम्पत्तिको क्षतिपूर्ति दिन आवश्यक छ । नागरिक अभिभावकविहीन भएको अवस्था छ । जेनजीको नाममा अराजकता फैलिएको छ । व्यक्तिगत फाइदाको लागि अफवाह फैलाइएको छ । आन्दोलनकारीभन्दा समयको फाइदा उठाउन र भड्काउन प्रविधिको प्रयोग भएको छ ।

**वडाध्यक्ष, वडा नं ४ बिनपा**

हिमाली पुस्तकालयमा सञ्चालित वडा कार्यालय ध्वस्त भएको छ । हिमाली पुस्तकालय र रेडक्रस उपशाखाको कार्यालयसमेत आगजनी भएको अवस्था छ ।

**कुलमणी देवकोटा, अध्यक्ष, नेकपा एमाले, सुर्खेत**

घटनामा षड्यन्त्र तथा घुसपैठ भएको छ । आन्दोलनबाट फाइदा लिने प्रायोजित भीडले लिएको छ । प्रायोजित, पूर्वनियोजित र हस्तक्षेपयुक्त ध्वंस भयो । यो घटनाको छानबिन गर्ने आयोगको विज्ञता के हो ? विश्वासयोग्य वातावरण कसरी कायम हुन्छ । राज्य व्यवस्थाका अङ्गहरूमाथि गम्भीर प्रहार भएको छ । नेपालको राष्ट्रिय अस्मितामाथि प्रहार भएको छ । नेपाल प्रहरीलाई आफ्नो काम गर्न किन नदिने ? तत्काल राहत कसरी गर्ने व्यवस्था किन नगर्ने ? मानिस सधैँ डरमा बाँच्नुपरेको र राज्य नै पक्षपाती भएको अवस्था छ । असुरक्षा र अव्यवस्थाको कहालीलाग्दो अवस्था सिर्जना भएको छ । मुलुक सङ्कटतर्फ नै गएको छ । राज्य नै पक्षपाती भएपछि पुनः ध्वंस हुने हो । ६ जना नेताको घर सम्पत्ति आगजनी गरेको अवस्था छ । प्रतिशोधको मानसिकताबाट बाहिर निस्किन सक्ने स्थिति छैन । सम्हालिनुपर्ने अवस्थामा सबैजना सहअस्तित्वबाट मात्र सम्भव छ ।

**पद्मबहादुर शाही, उ.वा सङ्घ, कर्णाली प्रदेश**

भदौ २३ गतेको राजनीतिक माग थिएन । आन्दोलनबाट दण्डहीनता मौलाएको छ । व्यवसायीहरू हतोत्साही छन् । रोजगारी र राजस्व सम्बन्धमा सङ्कुचन आउने अवस्था रहेको छ । संस्थागत रूपमा सुर्खेत उवासङ्घमा क्षति भएको छ । व्यक्तिगत सम्पत्ति ६ वटामा आगजनी भएको छ । वातावरण धुमिल भएको छ । भदौ २४ गतेको घटनामा संलग्नहरू अपराधीहरू हुन् । यो वास्तवमा आन्दोलन थिएन । लगानीको वातावरण निरुत्साहित भएको छ । प्रत्यक्ष वैदेशिक लगानीको वातावरण पूर्णरूपमा नष्ट भएको छ । भदौ २४ गतेको ध्वंसबाट व्यवसायी असुरक्षित छन् । मनोवैज्ञानिक क्षति ठुलो भएको छ । देशको विश्वसनीयता कमजोर भएको छ ।

**ध्रुव शाही, नेकपा एमाले, कर्णाली प्रदेश**

अहिलेको अवस्था सबैले आ-आफ्नो स्थानबाट सुधार गर्न आवश्यक छ । अहिलेको नेतृत्वले यो दण्डहीनतालाई मात्र प्रशय दिएको छ । गृहमन्त्री नै अराजक छन् । आयोगका पदाधिकारीहरू पक्षपाती छन् । थप हिंसाको वातावरण तयार गर्न लागेको हो ? सरकार कसको हो सबैको होइन ? सरकार अभिभावक हुनुपर्दैन ? आयोगको निष्पक्षतामा ठुलो प्रश्न छ । तिनको योग्यतामा प्रश्न छ । सर्वस्वीकार्य नै कायम हुन नसकेको यो अवस्थामा आयोगबाट के रिपोर्ट आउँछ भन्ने पूर्वनिर्धारित नै छ । विश्वनीय कार्यबाट देशलाई थप सङ्कटबाट बाहिर निकाल्न सबैसँग सहकार्य र सहअस्तित्व आवश्यक छ । राजनीतिक दलहरू केही पनि होइनन् भन्ने मानसिकताबाट लोकतन्त्रको जगेर्ना हुनसक्दैन ।

**१२ नं. वडाध्यक्ष**

शान्ति सुरक्षाको अवस्था अत्यन्त चुनौतीपूर्ण छ । आगो लगाउन संलग्नहरू अटो चालकहरू हुन् । निवृत्त राष्ट्रसेवकहरू पनि संलग्न छन् । यो सरकारको विश्वास नै छैन । सरकारले कसैलाई राहत नदिई मान्छे उचालेर व्यवस्थाविरोधी कार्य गरिरहेको छ । संविधानको सपथ खाएको सरकारले बन्दुक र भीड देखाएर हामीलाई तर्साउन ध्यानकेन्द्रित गरेको छ । रास्वपाका कार्यकर्ताहरू हामीलाई धम्की दिइरहेका छन् । के स्वाभिमानी नेपालीहरू अब बाँच्न नपाउने ?

# बाजुरा बाढीपहिरोको उच्च जोखिममा

बाजुरा, २८ साउन । बाजुरा जिल्ला पहिरोको उच्च जोखिममा परेको छ ।

भिरालो भूभाग, कमजोर भू-बनावट, नदी कटान तथा अव्यवस्थित सडक निर्माण र जलवायु परिवर्तनको बढ्दो असरका कारण पूरै जिल्ला नै विपद्को उच्च जोखिममा परेको हो ।

जिल्ला विपद् व्यवस्थापन समितिले हालै सार्वजनिक गरेको 'विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३' अनुसार जिल्लाका नौ वटै स्थानीय तह उच्च जोखिममा रहेको उल्लेख छ ।

बडीमालिकामा १३ गाउँ, बुढीगङ्गामा १२, त्रिवेणीमा १६, बुढीनन्दामा २०, गौमुलमा ३५, खप्तड छेडेदहमा १०, जगन्नाथमा चार, स्वामीकार्तिक खापरमा १० र हिमालीमा चार वटा गाउँ पहिरोको चपेटामा रहेको सहायक प्रमुख जिल्ला अधिकारी लक्ष्मण पुडासैनीले राससलाई जानकारी दिनुभयो ।

जिल्ला विपद् प्रतिकार्य योजनाले बाढी पहिरो जस्ता विपद्को उच्च जोखिममा रहेकामध्ये करिब एक सय १५ गाउँ बस्तीहरू तत्काल सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने जनाएको छ ।

उक्त बस्ती स्थानान्तरणका लागि हालसम्म कुनै पहल नहुँदा वर्षाको समयमा यहाँको जनजीवन प्रभावित बनेको छ ।

बुढीगङ्गा नदीले बडीमालिका, बुढीगङ्गा, त्रिवेणी नगरपालिका र गौमुल गाउँपालिकाका सयौँ परिवारको खेतीयोग्य जमिन कटान गरेर बगरमा परिणत गरेको स्थानीय दीपक बडुवालले जानकारी दिनुभयो ।

जोखिम न्यूनीकरणका लागि केवल राहत र उद्धारमा सीमित नभई दीर्घकालीन योजना आवश्यक रहेको सरोकारवालाहरू बताउनुहुन्छ ।

बूढीगङ्गा नगरपालिकाका नगर प्रमुख रामबहादुर बानियाँले बुढीगङ्गा नदीले खेतीयोग्य जमिन बगरमा परिणत गराएको बताउनुभयो ।

विपद् प्रतिकार्य योजना २०८३ को तथ्यङ्कअनुसार जिल्लाभर २०७७ साल यता बाढी पहिरो जस्ता विपद्जन्य घटनामा परी ६२ जनाको मृत्यु भएको छ, भने झन्डै एक हजार ७ सय २८ रोपनी खेतीयोग्य जमिन बगरमा परिणत भएको छ ।

जिल्ला विपद् व्यवस्थापन समिति अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाले बाजुरा विपद्को उच्च जोखिममा रहेको उल्लेख गर्दै बाढीपहिरो, भूकम्प, आगलागीजस्ता विपद्हरूले जुनसुकै बेला पनि ठुलो धनजनको क्षति पुऱ्याउन सक्ने बताउनुभयो । ***रासस***

। सम्पादकीय ।

# नेपालको खनिज, जल, जङ्गल साम्राज्यवादीहरूलाई किन दिने ?

नेपालको संविधान २०७२ मा शान्ति र मैत्री, सुरक्षा एवम् सामरिक सम्बन्ध, नेपाल राज्यको सिमाना र प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँटसम्बन्धी सन्धि र सम्झौता संसद्को दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको दुईतिहाइ बहुमतले पारित गर्नुपर्ने उल्लेख छ । नेपालको मुस्ताङ, मकवानपुर र बैतडीलगायत जिल्लामा सम्भावना रहेको युरेनियम नेपालको सुरक्षा एवम् सामरिकसँग सम्बन्धित हो । रास्वपा सरकारले यो संवेदनशील विषयलाई विधेयकमा समेटेर संविधानविपरीत निजी कम्पनीलाई दिने तयारी गरिरहेको सार्वजनिक भयो । यो देशघाती कामको नेपाली जनताले विरोध गर्नैपर्छ ।

खानी तथा खनिज पदार्थ ऐन, २०४२ लाई संशोधन गर्ने विधेयकमा रेडियोधर्मी खनिज पदार्थको सोधपुछ, अन्वेषण र उत्खनन्को सम्पूर्ण अधिकार नेपाल सरकारसँग राखी सरकारले खानी तथा भूगर्भ विभाग वा निजी कम्पनी दिने व्यवस्था गरिएको संविधानविपरीत हो ।

नेका, एमाले, तत्कालीन माओवादी सरकारले रेडियोधर्मी र युरेनियम उत्खनन्सम्बन्धी ऐन बनाउँदा संरा अमेरिकी साम्राज्यवादको नङ्ग्राको रूपमा रहेको अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आईएईए) सँग साँठगाँठमा अमेरिकी कम्पनीलाई दिने उल्लेख गरेको हुँदा त्यसबेला नेपाल चिकित्सक सङ्घलगायत नेपालका रसायनशास्त्रका वरिष्ठ प्राध्यापकहरूले सरकारको विरोध गरेका थिए । उनीहरूले नेपालको युरेनियमलगायत रेडियोधर्मी पदार्थ आफैले सञ्चालन गर्ने क्षमता विकास नभएको अवस्थामा संरा अमेरिकालगायत साम्राज्यवादीहरूलाई युरेनियम अन्वेषण र उत्खनन् गर्ने जिम्मेवारी दिने कानुन बनाउन नहुने मत राखेका थिए । त्यसबेलाको यो आवाजलाई सरकारले सुनेन ।

नेका, एमाले, तत्कालीन माओवादी सरकारहरू आफ्नो देशको चिन्ताभन्दा संरा अमेरिका र भारतीय विस्तारवादको सेवामा लागेको हुँदा जनताको विरोध भएको हो । अहिले रास्वपा सरकार पनि पुरानै सरकारको पद चिह्नमा हिँड्दै छ । कोसी नदीले धार परिवर्तन गरी पश्चिमतर्फ कटान बढेपछि उदयपुर र सुनसरी सीमावर्ती श्रीलङ्का र चिलिय टापुका करिब ६ परिवार उच्च जोखिममा परेका छन् । त्यहाँ कटान नियन्त्रणका लागि निर्माण गरिएका १८ मध्ये ९ वटा स्पर पूर्णरूपमा क्षतिग्रस्त भइसकेको र गत वर्ष निर्माण गरिएका स्परसमेत बाढीको चपेटामा परेको सार्वजनिक भयो ।

सङ्घीय राजधानी काठमाडौँ र देशका अन्य प्रमुख सहरमा बसाइँसराइ बढेसँगै नेपाली जनता दुग्ध पदार्थ अभावमा समेत बाँच्न बाध्य छन् । नेपाल कृषि सहकारी सङ्घअन्तर्गत देशभरि दैनिक ४७ हजार लिटर दूध उत्पादन भइरहेको छ । सरकारहरूले किसानको दुग्ध उत्पादन जनतासमक्ष सहज आपूर्ति हुने व्यवस्था गरेनन् । आगामी भदौ १ गतेदेखि सरकारको दुग्ध विकास संस्था डीडीसीले सङ्घका किसानहरूबाट दैनिक १५ हजार लिटर दूध खरिद गर्ने सार्वजनिक भयो । किसानहरूले उत्पादन गरेको बाँकी ३२ हजार दूधको व्यवस्थापन सरकारहरूले किन गरेनन् ? के सरकारहरू दूध उत्पादक किसानका विरोधी हुन् ? के नेपाली किसानको दुग्ध उत्पादन रास्वपा सरकारले पनि सडकमा पोख्न दिने हो ?

नेपालका हिमाली जिल्ला हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालीकोटलगायतमा रसिला स्याउ प्रशस्त उत्पादन हुन्छ । कतिपय हिमाली जिल्लामा दाँते ओखर, अङ्गुर, सिमी, आलु पनि फल्छन् । सरकारहरूले यी उत्पादित फलफूल र खाद्यान्नको आपूर्ति बन्दोबस्त नगर्दा स्थानीय किसानहरू निरुत्साहित छन् । परिणाम विदेशी फलफूल र खाद्यान्न खरिदमा नेपाल सरकारको व्यापारघाटा बढ्दो छ । यहीबेला नेपालीलाई खाना पकाउने ग्यास सुपथ मूल्यमा सुलभ रूपमा उपलब्ध छैन ।

वर्षा याममा तराई क्षेत्रमा सर्पको टोकाइ बढ्दो छ । तर, सरकारहरूले सर्पदंशका बिरामीको उपचारमा प्रयोग हुने औषधि एन्टी स्नेक भेनम (एसएसभी) उपलब्ध गराउन सकेनन् । सङ्घीय सरकारमा रास्वपा र प्रदेश र स्थानीय तहमा नेका, एमाले, तत्कालीन माओवादीहरू आ-आफ्ना कार्यकर्तालाई राजनीतिक नियुक्ति र निर्वाचन व्यवस्थापनमा केन्द्रित छन् । यसकारण नेपाल र नेपाली जनताले दुःख पाएका हुन् ।

# उदारवादको गाँठो


✍ एजे हर्न




## उदारवादको झूट

उदारवाद एउटा विश्व दृष्टिकोण हो । यसमा राजनीतिक र नैतिक दर्शन दुवै पाइन्छ । यी दुवै दर्शनले 'स्वतन्त्रताको अवधारणा' लाई फन्को मारिरहन्छन् ।


'स्वतन्त्रता' भनेको के हो ? यो प्रश्नको जवाफ मान्छेपिच्छे फरक आउँछ । साढे तीन सय वर्षदेखि विभिन्न उदारवादी विचारकहरूले भिन्दाभिन्दै जवाफ दिएका छन् । ती जवाफ कहिले आपसमा बाझिन्छन् त कहिले मिल्दाजुल्दा पनि हुन्छन् । उदारवादी राजनीतिक सिद्धान्तले पस्किने आदर्श हो, औपचारिक र राजकीय तटस्थतामा आधारित सार्वजनिन मानव मुक्त । तर, यसको भौतिक आचार-विचार (प्राक्सिस) हेर्दा प्रस्ट हुन्छ, उदारवाद मूलतः पुँजी सञ्चयको राजनीतिक अर्थशास्त्र हो । अथवा, पुँजी नै मानव सुखलाई चरमचुलीमा पुर्‍याउने मूल चालकशक्ति हो भन्ने ठम्याइ नै उदारवाद हो ।



जोन लक



जोन स्टुअर्ट मिल



आइजाया बर्लिन

मान्छेका आँखामा धुलो फाल्दै उदारवादले स्वतन्त्रता भनेकै निजी सम्पत्तिको अधिकार र बजारु सम्बन्ध हो भन्छ । यसरी उसले ठोस आर्थिक थिचोमिचोलाई अमूर्त बनाउँछ वा ओझेल पार्छ । अघिको शासन प्रणालीलाई धनाढ्यहरूको तानाशाहीमा बदल्दै उदारवादले बहुमत मानिसमाथि संरचनात्मक थिचोमिचो थोपरेर मुट्ठीभर मानिसलाई निरपेक्ष स्वतन्त्रता दिलाउँछ ।

उदारवादी शब्दकोशमा सफा र मनमोहक राहत पाइन्छ । रोजाइ, स्वतन्त्रता, तटस्थता, अधिकार, प्रकृति, न्यायजस्ता शब्दलाई यसरी प्रस्तुत गरिन्छ । मानौँ, तिनीहरू स्वर्गबाट सिधै ईश्वरले पठाएका निरपेक्ष सत्य हुन्; आदर्शवादको वैतरणीमाथि तैरिने, मानव इतिहासको फोहरमैला र खुनपसिनाबाट एकदम अलग सर्वकालिक सत्य हुन् । उदारवादी सिद्धान्तले हामीलाई एउटा अलग्गै कल्पनालोकमा पुर्‍याउँछ । एक यस्तो लोकमा, जहाँ स्वच्छन्द मानिसहरू आफूखसी सबैसँग समान हुन्छन्; प्राकृतिक अवस्थालाई छिचोल्दै उनीहरू स्वतन्त्रकर्ताको रूपमा बजारमा प्रवेश गर्छन्, आपसमा सामाजिक र कानुनी करारपत्रमा हस्ताक्षर गर्छन्, मुन्टो हल्लाउँछन् र हात मिलाउँछन् । यो एकदम सफा र व्यवस्थित तस्बिर हो; पूर्ण उदारवादी श्वैरकल्पना हो ।

राजनीतिक दर्शनको ढड्डा पल्टाउँदै जाँदा हामीलाई यिनै अवधारणाबारे बहस गर्न लगाइन्छ । ती बहसमा न्यायको अवधारणामा देखिने पाखण्डलाई अप्ठ्यारोमा पार्ने गरी तर्क गर्न पाइँदैन । न्यायको यही अवधारणालाई प्रयोग गरी कुनै बेला दासप्रथा, उपनिवेशवाद, विश्वव्यापीकरण, पर्यावरणसंहार, जातिसंहारलाई सही ठहऱ्याइन्थ्यो । सोही अवधारणामा टेकेर फासीवादले उदारवादी समाजमा लोकतन्त्रलाई 'कानुनैले' स्वाहा पार्छ । हामीलाई यी विषयमा बहस गर्ने छुट हुन्न । बरु हामीलाई फ्रान्सको 'प्रबोधन युग', उदारवादी क्रान्ति, वाणिज्यतन्त्र र सामन्तवादको अन्त्य तथा पुँजीवादको उदयलाई ऐतिहासिक विकासक्रमको उच्चतम बिन्दु भनी घोकाइन्छ । हामीलाई 'नकारात्मक स्वतन्त्रता' राम्रो कि 'सकारात्मक स्वतन्त्रता' भनी घोत्लिन लगाइन्छ । (निजी धनको पहाडमाथि बसेको) राज्य के तटस्थ मध्यस्थकर्ता रहन सक्छ भनी हामीलाई सोच्न भनिन्छ । राज्य अदृश्य भए पनि सबैको वा 'सार्वजनिक हात' हो भनिन्छ । सैद्धान्तिकीको गञ्जागोल जालोमा फसेर हामी हाम्रो अस्तित्वको सबैभन्दा मूल यथार्थलाई बेवास्ता गर्न पुग्छौँ । त्यो मूल यथार्थ हो, स्वतन्त्रता कानुनी अमूर्तीकरण होइन, बरु भौतिक अवस्था हो ।

एउटा दासको लागि 'व्यापार स्वतन्त्रता' को के अर्थ ? सङ्गठित र शक्तिशाली मजदुर समूहलाई गोली ठोकिन्छ भने तिनलाई 'भेला हुने स्वतन्त्रता' को के अर्थ ? बेरोजगारी, भोक र दरिद्रताबाट बच्न मालिकलाई श्रमशक्ति बेच्नैपर्ने ज्याला मजदुरलाई 'सम्झौता गर्ने स्वतन्त्रता' को के अर्थ ? पुँजीको निर्दयी रजाइँमा 'स्वतन्त्रता' को उदार वाचा आफैमा ऐतिहासिक क्रूरता वा घिनलाग्दो मजाक हो । उदारवादले मान्छे जङ्गल (प्राकृतिक अवस्था) मा छँदा जति स्वतन्त्र थियो, त्यो भन्दा कत्ति पनि स्वतन्त्र बनाउँदैन । बरु, यसले सम्पत्तिलाई फुकाफाल छोड्छ र अमूर्त धारणाहरूलाई कानुनी जामा लगाइदिन्छ । यसले मट्ठीभर मानिसको पुँजी थुपार्ने निरङ्कुश अधिकारलाई नै 'स्वतन्त्रता' को अकाट्य परिभाषामा बदल्छ र बहुमत जनतालाई संरचनात्मक रूपमै मरीमरी बाँच्न बाध्य पार्छ ।

## मनोबलले कोही धनी हुन्न

हामीले उदारवादलाई सार्वजनिन मानव मुक्तिको अपुरो प्रयासका रूपमा व्यवहार गर्न छोड्नुपर्छ । यो त्यस्तो कुनै प्रयास होइन । यसको ऐतिहासिक उदय र समकालीन अभ्यास दुवैलाई हेर्दा उदारवाद जहिल्यै पुँजी सञ्चय, पुँजीपतिहरूको शासन र धनाढ्य सत्ताधारीहरूको राजनीतिक दर्शन रहँदै आएको छ ।

उदारवादी सिद्धान्तकार जोन लकले बिर्ता वा मौजाहरूको सुरक्षामा जोड दिन्थे । आधुनिक उदारवादी आइजाया बर्लिनले गरिबी भनेको 'असक्षमता' मात्र हो, कुनै थिचोमिचो होइन भनेर अड्डी लिन्थे । यसरी उदारवादी विचारले जहिल्यै धनसम्पत्तिको भकारीवरिपरि पर्खाल खडा गर्ने प्रयास गर्दै आएको छ । अर्बपति र खर्बपतिहरूले 'खुला व्यापार' मा होमिने नाममा बहुराष्ट्रिय कम्पनी र कार्टेलमा जम्मा हुने धन खर्लप्प निलिरहँदा, नेतालाई चन्दा दिएर 'निष्पक्ष' निर्वाचन किनिरहँदा र मानव अस्तित्वका लागि नभई नहुने अत्यावश्यक स्रोतसाधनमाथि एकाधिकार जमाइरहँदा हामीलाई राज्य 'तटस्थ' रहन्छ भनेर विश्वास गर्न लगाइन्छ । तैपनि, असमानतालाई चुनौती दिने गरी गरिबगुरुवाहरू सङ्गठित हुँदा 'तटस्थ' उदार राज्य मिठा कुरा गर्न छोडी हिंसामा उत्रिन्छ; अड्डाअदालत, प्रहरी र राज्यबल प्रयोग गर्छ ।

एकदम प्रतिभाशाली उदारवादी विचारकले समेत यो विचारधाराभित्र रहेका अन्तर्विरोधहरूलाई लुकाउन सकेको छैन । जोन स्टुअर्ट मिललाई व्यक्तिगत स्वतन्त्रता र उपयोगितावादका पैरवीकर्ता मानिन्छ । 'स्वतन्त्रताबारे' नामक पुस्तकमा उनले लेखे, "तानाशाही व्यवस्था बर्बर जातिहरूसँग व्यवहार गर्ने सबैभन्दा वैध तरिका हो ।" यहीनिर देखिन्छ उदार आचार-व्यवहारको सक्कली इतिहास - विदेशमा साम्राज्यवादी लुटपाट, औपनिवेशिक अत्याचार र उग्रशोषणका क्रूरतम अस्त्र प्रयोग गरी थुपारिने अकूत धनदौलतबाट स्वदेशमा औपचारिक अधिकारयुक्त सुशासन ।

## अमूर्त तर्कबाजीभन्दा पर

पुँजीवादी प्रभुत्वको कसिलो सनासोबाट मुक्त हुने हो भने सुरुमा त्यसलाई जोगाउने सैद्धान्तिक चौकिल्लालाई हामीले भत्काउनैपर्छ । पुँजीवादी बुद्धिजीवीहरूले लेख्ने मानव मुक्तिको कागजी परिभाषालाई हामीले अस्वीकार गर्नैपर्छ । व्यक्तिसँग स्वतन्त्रताको अभ्यास गर्ने भौतिक साधन नै छैन भने स्वर्ण अक्षरले लेखिएको अधिकार पनि खोक्रो वाचा साबित हुन्छ । व्यक्तिले भौतिक रूपमा के गर्न सक्छ भन्ने कुराप्रति आँखा चिम्लेर केवल कानुनतः के गर्न सकिन्छ भनेकै भरमा स्वतन्त्रताको नापतौल हुन्छ भने त्यो स्वतन्त्रता वास्तविक र दिगो हुन सक्दैन ।

वास्तविक मुक्ति, वास्तविक स्वतन्त्रताका लागि जीवनको भौतिक जगको सम्झौताहीन ग्यारेन्टी हुनुपर्छ । सबैलाई स्तरीय आवास, जन्मेदेखि नमर्दासम्म चौतर्फी स्वास्थ्यसेवा, बाल्यकालदेखि विश्वविद्यालयसम्म पूर्णतः सरकारी शिक्षा, मर्यादित र सार्थक रोजगारी दिनुपर्छ । सार्वजनिन मुक्तिको लागि व्यक्ति विशेषले अरू व्यक्तिलाई, पृथ्वीका सीमित स्रोतसाधनलाई, भूमि र सम्पत्तिलाई आफ्नो खल्तीमा राख्न पाउने परिपाटीको अन्त्य हुनुपर्छ । किनभने, हामी सबै धर्तीका पाहुना र माली मात्र हौँ । स्वतन्त्रता भनेको खल्तीमा सबैखाले राजनीतिक स्वतन्त्रताको वाचा गरिएको संविधान बोकेर गल्लीमा भुस्याहा कुकुरझैँ भोकभोकै छटपटिने छुट होइन । हाम्रा आधारभूत मानवीय आवश्यकतालाई सम्झौताको विषय नबनाई एक सामाजिक अधिकारको रूपमा पूर्ण प्रत्याभूत गरिने स्थितिलाई मात्र साँचो स्वतन्त्रता भन्न मिल्छ ।

जबसम्म पुँजी र बहुराष्ट्रिय कम्पनीको केन्द्रीकृत नाफा बढाउने वस्तुको रूपमा श्रमको किनबेच हुन्छ, कामदार आफ्नै अस्तित्वबाट अलगावमा परिरहन्छ । स्वतन्त्रतालाई संविधानका ढड्डाबाट बाहिर निकाल्न श्रमजीवी जनता आफ्नो भौतिक र मानसिक उत्पादनको वास्तविक मालिक बन्नुपर्छ; आफ्नो पसिनाको प्रतिफल उनीहरूले नै पाउनुपर्छ, आफ्नो श्रम कहाँ लगाउने भन्ने निर्क्योल उनीहरू आफैले गर्नुपर्छ; बजारको तानाशाही र अस्थिरताबाट मुक्त भएर उनीहरूले आफ्नो भाग्यलाई आफै आकार दिन पाउनुपर्छ । औपचारिक राजनीतिक अधिकारले नै हामीलाई मुक्त गर्न सक्छ भन्ने भ्रमबाट हामी बाहिर निस्किनुपर्छ र एक यस्तो संसारको निम्ति सङ्घर्ष गर्नुपर्छ, जहाँ मानव मुक्तिको वाचालाई एक जीवन्त यथार्थमा बदल्न सकियोस् । अर्को शब्दमा भन्छु, हामीले पूर्ण मानवीय मुक्तिका लागि सङ्घर्ष गर्नुपर्छ ।

*(स्रोत : सिम्प्लिफाइड सोसलिज्म । सम्यक)*

# फिडेल क्यास्ट्रो र क्युवाली क्रान्ति

सन् १९२६ अगस्ट १३ का दिन क्युवाली जनताका नेता राष्ट्रपति फिडेल क्यास्ट्रोको जन्म क्युबाको पूर्वी क्षेत्रमा अवस्थित मिअरीमा भएको थियो। सान्टियागो (Santiago) बाट मिअरी ५० माइल उत्तरमा पर्छ। मिअरी चिनी र रक्सी उत्पादन हुने प्रमुख क्षेत्र हो। यसैगरी, त्यो क्षेत्र क्युवाली अर्थव्यवस्थाको मेरुदण्डको रूपमा थियो। त्यो क्षेत्र क्युवाली प्रजातन्त्रवादी र क्रान्तिकारीहरूको आधार इलाका पनि थियो।

२० औं शताब्दीको प्रारम्भमा फिडेल क्यास्ट्रोका बुबा एन्डोल क्यास्ट्रो स्पेनको गालिसिया (Galisia) बाट क्युबामा बसाइँ सरेका थिए। रित्तो हात क्युवा पुगेर मिअरीमा उनले कठोर परिश्रम गरी उखु खेतीबाट आफ्नो परिवारको गाँसबासको व्यवस्था गरे।

सन् १९३४ मा आठ वर्षका फिडेल क्यास्ट्रोले सान्टियागोको एउटा क्याथोलिक बोर्डिङ स्कूलमा आफ्नो प्रारम्भिक शिक्षा सुरु गरे। उक्त विद्यालय क्रिश्चियन धर्मावलम्बीहरूले चलाएका थिए। फिडेल क्यास्ट्रो बाल्यकालदेखि नै अति मेहनती, सुरो, अध्ययनशील, संवेदनशील र प्रतिभाशाली थिए। क्युवाली देशभक्त क्रान्तिकारीहरूको स्वतन्त्रता आन्दोलन, विद्रोह र सशस्त्र सङ्घर्षहरूबाट फिडेल क्यास्ट्रोको संवेदनशील मन-मस्तिष्क छिट्टै प्रभावित भयो। २० वर्षको उमेरसम्म सान्टियागोमा युवा क्यास्ट्रोले क्याथोलिक विद्यालय र कलेजमा अध्ययन गरे। विद्यालय र कलेज जीवनमा उनले क्युवालगायत सम्पूर्ण दक्षिण अमेरिकाको भूगोल, इतिहास, विविध पक्षको गहिरो र व्यापक ज्ञान हासिल गरे। यसैबिच उनी गुप्तरूपले क्रान्तिकारी गतिविधिमा सक्रिय भए। उनी महान् क्रान्तिकारी कवि एवम् देशभक्त नेता होसे मार्टिबाट निकै आकर्षित र प्रभावित भए। उनको प्रेरणाको स्रोत होसे मार्टि थिए। स्नातक गर्न उनी हवानास्थित बेलेन कलेज (Belen College) मा भर्ना भए। त्यहाँ उनी आफ्नो विद्यार्थी सङ्गठनका सहयोद्धाहरूको साथमा साङ्गठनिक गतिविधिका साथसाथै गुप्तरूपले ल्याइएका मार्क्स-एङ्गेल्स, लेनिन र स्तालिनका रचना र अन्य प्रगतिशील साहित्यहरूको रातारात अध्ययन गरी त्यस विषयमा गम्भीर छलफलमा लागे। अर्कोतिर उनी कलेजको पढाइमा पनि ध्यान दिन्थे। कलेजका प्राध्यापकहरू रातदिन अध्ययन गर्ने उनको क्षमता र छिटो बुझ्ने असाधारण प्रतिभा र तीखो संस्मरण शक्ति, कहिल्यै नडग्ने साहस र विशेष गरी इतिहासमा उनको गहिरो र व्यापक ज्ञानबाट निकै प्रभावित थिए। तर, कति प्राध्यापक त उनको क्रान्तिकारी सङ्गठनात्मक गतिविधि र मार्क्सवाद-लेनिनवाद तथा प्रगतिशील साहित्यको असाधारण अध्ययनको विषयमा अनभिज्ञ थिए। सन् १९४७ मा २१ वर्षको उमेरमा उनी बेलेन कलेजबाट स्नातक भए। त्यसबेला कलेजका प्रिन्सिपल फादर अमान्दो लोभेन्टे (Father Amando Lovente) ले उनलाई भने, "तिमी वीरहरूको माझबाट उदय भएका वीर हौ। तिम्रो एउटा सालिक कुँदिने छ र तिम्रो देशको इतिहासले तिम्रो नाम लिनेछ।" त्यसपछि उनी हवाना विश्वविद्यालयमा भर्ना भए। त्यहाँ संयुक्त राज्य अमेरिकाको कठपुतली सरकारको चर्को दमन थियो। प्रतिक्रियावादी प्रहरीहरू जो कसैलाई कुनै पनि बेला मार्न सक्थे। फिडेल क्यास्ट्रो र उनका साथीहरूले आफ्नो रक्षाको निम्ति आफ्ना सशस्त्र लडाकु कार्यकर्ताहरूको पहरामा हवाना विश्वविद्यालयमा गुप्त अध्ययन र गतिविधिहरूलाई निरन्तरता दिँदै गए। तिनीहरूको प्रभाव क्युबाको सीमाभन्दा बाहिर क्यारेबियाली क्षेत्र हुँदै दक्षिण अमेरिकातर्फ फैलिरहेको थियो। त्यसबेला हवाना विश्वविद्यालयमा क्रान्तिकारी विद्यार्थीहरूको पहिलो प्राथमिकता भन्नु आत्मसुरक्षा थियो। हवाना विश्वविद्यालयलाई क्रान्तिको केन्द्रबिन्दुको रूपमा उपयोग गरियो। संरा अमेरिकाको उपनिवेशबाट मुक्त हुनु क्युवालगायत सम्पूर्ण क्यारेवियाली क्षेत्र र दक्षिण अमेरिकी देशहरू सबैको साझा लक्ष्य थियो। डोमिनिकन गणतन्त्रको तानाशाही क्यारेवियाली क्षेत्रको सबैभन्दा क्रूर तानाशाह थियो। फिडेल क्यास्ट्रो र साथीहरूले सैनिक गतिविधि डोमिनिकन भूमिमा गर्ने निर्णय गरे। उक्त निर्णयअनुसार सशस्त्र दल डोमिनिकन गणतन्त्रतर्फ लाग्न एउटा जहाजको आवश्यकता थियो। त्यसको लागि अनेकन दुःख गरेर जोगाइराखेको पैसाबाट एउटा जहाज खरिद गरियो। फिडेल क्यास्ट्रोको नेतृत्वमा सशस्त्र दल क्युवाको पूर्वी समुद्री तटबाट त्यस जहाजमा बसी डोमिनिकन गणराज्यतर्फ जाने तयारी गरियो। क्युवाली सरकारका जासुसहरूले यसको खबर सम्बन्धित ठाउँमा पुऱ्याइदिए। क्यास्ट्रो र क्यारेवियाली क्षेत्रका सशस्त्र क्रान्तिकारीहरू रहेको जहाज सागरलाई चिर्दै अघि बढिरहेको थियो। एकाएक प्रतिक्रियावादी क्युवाली लडाकु जहाजहरूले फिडेल क्यास्ट्रोको जहाजमाथि गोलाबारी सुरु गरेपछि उक्त जहाज डुब्यो। फिडेल क्यास्ट्रो तीन माइलसम्म पौडी खेल्दै किनारामा पुग्न सफल भए। त्यहाँबाट उनी हवाना फर्की हवाना विश्वविद्यालयमा कानुनमा स्नातक गर्न भर्ना भए। केही वर्षपछि उनले कानुनमा स्नातक भई अधिवक्ता बने। उनले क्युवाको जेलमा परेका राजनैतिक कैदीहरूको पक्षमा मुद्दा लड्न सुरु गरे। उनको सशक्त र धाराप्रवाह बहसको प्रशंसा क्युवाभित्र र बाहिर चारैतिर फैलियो।

सन् १९५२ मार्च १० को दिन अमेरिकी साम्राज्यवादीहरूको इसारामा फुल्जैनसिओ बातिस्ता (Fulgencio Batista) को नेतृत्वमा अर्को सैनिक विद्रोह भयो र क्युवाको सत्ता बातिस्ताको हातमा गयो। बातिस्तालाई सत्तामा ल्याउनुको प्रमुख लक्ष्य सैनिक विद्रोहभन्दा अघिको प्रजातान्त्रिक सरकारको अवशेषलाई जरैदेखि उखेल्नु थियो। क्युवाका नवउदीयमान युवा व्यक्तित्व फिडेल क्यास्ट्रोले बातिस्ताविरुद्ध उम्मेदवारी दिए। बातिस्ताले क्यास्ट्रोको उम्मेदवारीलाई जबरजस्ती खारेज गर्न लगाएर तानाशाही रूप देखाए। कानुनी सङ्घर्षको उपाय नभएपछि सशस्त्र सङ्घर्षलाई चर्काउन हातहतियार खरिद गर्न क्यास्ट्रो र क्यास्ट्रोका भाइ राउल क्यास्ट्रो (Raul Castro) ले आफ्नो सम्पत्ति बेचे। दुई दाजुभाइ मिलेर अनेक कष्ट गर्दै २० हजार डलर जम्मा गरी हातहतियार, सैनिक पोशाक र खरखजानाको बन्दोबस्त गरे। युवा क्रान्तिकारी सैन्य जवानहरूमा तातो रगत उम्लिरहेको थियो। तिनीहरू तानाशाही बातिस्ताविरुद्ध फौजी कारबाही गर्न हतारिएका थिए। १५० जवानको सशस्त्र दल तयार भयो। त्यस सशस्त्र दलको कमान्डर फिडेल क्यास्ट्रो भए। हुन त बातिस्ताको फौजको अगाडि क्यास्ट्रोको त्यो सानो फौज केही पनि थिएन। बातिस्ताको हजारौं हजार सैन्य जवान त्यसबेलाको अत्याधुनिक शस्त्रअस्त्रबाट सुसज्जित थिए। अर्कोतिर बातिस्ताको सरकारलाई महाशक्ति संरा अमेरिकी सरकारको पूर्ण समर्थन थियो। क्रान्तिकारी सेनाहरूको साहस र जोश तुलना गर्न नसकिने गरी उँचो थियो।

तानाशाह बातिस्ताको दमन र अत्याचार पराकाष्ठामा पुग्दै थियो। हजारौं हजार निरीह र निर्दोष



नागरिकहरूको निर्मम हत्या भइसकेको थियो। शक्तिशाली बातिस्ताको सैन्य शक्तिसामु क्युवामा चुनौती दिनसक्ने अरू कुनै शक्ति अस्तित्वमा थिएन। तसर्थ, फिडेल क्यास्ट्रोलाई प्रतिक्रियावादी सैन्य शक्तिलाई चुनौती दिनसक्ने क्रान्तिकारी सैनिक शक्ति विद्यमान रहेको यथार्थ देखाउनु थियो र व्यापक जनतामा क्रान्तिकारी जनसेनाको पक्षमा नयाँ जोश र उत्साह सञ्चार गर्नु थियो। १९५३ जुलाई २६ को राति फिडेल क्यास्ट्रोको नेतृत्वमा १६ वटा गाडीमा बसेर १५० जवानको सशस्त्र सैनिक दल सान्टियागोस्थित बातिस्ताको किल्लातर्फ बढ्यो र शत्रु फौजसँग बिच बाटोमै जम्काभेट भयो। फिडेल क्यास्ट्रोले आफ्नो बन्दुक पड्काए। त्यो नै क्युवाको नयाँ क्रान्तिको बन्दुकको पहिलो हाँक र पड्काइ थियो। दुर्भाग्यको कुरो, दोहोरो भिडन्तमा ६० भन्दा बढी क्रान्तिकारी सैन्य जवानहरूले वीरगति प्राप्त गरे भने फिडेल क्यास्ट्रो र राउल क्यास्ट्रोलगायत बाँकी सबै पक्राउ परे।

### क्यास्ट्रो विजयको बाटोतिर

सन् १९५५ सम्ममा बातिस्ताले १९५२-५३ को तुलनामा आफ्नो सैन्य बललाई धेरै गुणा सुदृढ पायो र संरा अमेरिकाबाट यथेष्ट हातहतियार भिकाइयो। विरोधीहरूलाई दबाइसकेपछि उसले दक्षिण अमेरिकाका विभिन्न देशहरूका कुख्यात तानाशाहहरूसँग राम्रो सम्बन्ध कायम गऱ्यो। आफू र आफ्नो सरकारलाई चारैतिरबाट सुरक्षित महसुस भएपछि बातिस्ताले आफूलाई उदार देखाउन सन् १९५५ मा आममाफीको घोषणा गऱ्यो। फिडेल क्यास्ट्रो रिहा भए। त्यसपछि उनी बातिस्ताले बनाएको छेकबारलाई निकै कष्ट झेलेर मेक्सिकोतर्फ लागे। त्यसबेला मेक्सिको विभिन्न ल्याटिन अमेरिकी देशहरूका क्रान्तिकारीहरूको जमघट हुने उपयुक्त भूमि थियो। त्यहाँ फिडेल क्यास्ट्रोले दक्षिण अमेरिकी क्रान्तिकारीहरूसँग भेटघाट गरी अमेरिकी साम्राज्यवादविरोधी साझा सङ्घर्ष र रणनीतिको विषयमा गम्भीर छलफल गरे। ती क्रान्तिकारीहरूमा एकजना महान अन्तराष्ट्रवादी क्रान्तिकारी युवा नेता चे ग्वेभारा थिए। राउल क्यास्ट्रोले चे ग्वेभारा र अन्य क्रान्तिकारीहरूलाई आफूहरूको सैन्य दलमा सामेल गराए।

सन् १९५६ मा फिडेल क्यास्ट्रो टेक्सासको मेकएलेन नजिकको रियो ग्रान्डे (Rio Grande near Mcallen, Texas) पुगे। त्यहाँ धेरै क्रान्तिकारी क्युवालीहरूसँग उनको भेट भयो। उनले तानाशाह बातिस्ताद्वारा अपदस्थ गरिएका पूर्वराष्ट्रपति कार्लोस प्रिओ सोकारस (Carlos Prio Socarras) सँग पनि आत्मीय भेट गरे। भेटमा भावविह्वल भई पूर्वराष्ट्रपतिले क्यास्ट्रोलाई भने, "अहिले मेरासामु वीरहरूको खम्बा उभिएको छ।" त्यहाँबाट क्यास्ट्रो मेक्सिको सहर (Mexico City) फर्के। मेक्सिको सहरमा उनको कर्णेल अल्बर्टो बायो (Colonel Alberto Bayo) सँग चिनापर्ची भयो। केही दिनपछि नै उनी र क्यास्ट्रोबिच निकै घनिष्ठता बढ्यो। फ्रान्कोको फासीवादविरुद्ध स्पेनियाली युद्धमा अल्बर्टो बायोले सेनाध्यक्ष भई स्पेनियाली सेनाको नेतृत्व गरेका थिए। त्यस युद्धमा उनी सुविख्यात सेनाध्यक्षका रूपमा परिचित भए। एक महान् सेनाध्यक्ष मेक्सिकोको राजनैतिक निर्वासनमा एक सिकर्मी भई जीवन गुजारा गर्दै थिए। क्यास्ट्रोले उनलाई अमेरिकी साम्राज्यवादविरोधी देशभक्त क्युवाली क्रान्तिकारी मुक्तिसेनालाई सैनिक तालिम प्रदान गर्न अनुरोध गरे।

स्पेनको फासीवादी तानाशाह फ्रान्कोविरुद्ध स्पेनको गृहयुद्धमा सेनाध्यक्ष भई सहयोग गरेका कर्णेल अल्बर्टो बायोले क्यास्ट्रोको आग्रहलाई सहर्ष स्वीकार गरे। त्यसपछि उनले आफ्नो काठको सामग्री बनाउने कारखाना बेचे र मेक्सिकोको भूमिमा क्युवाली क्रान्तिकारी सेनालाई तालिम दिन थाले। तालिमको सिलसिलामा 'हान र फर्क' जस्ता गुरिल्ला लडाइँका तौरतरिका सिकाउँदा आँधीबेहरीमै हुरिँदै सशस्त्र हमला गरी कब्जा जमाउन चाहने क्युवाली विद्रोही सैन्य जवानहरू 'अधैर्य भई यस्तो लडाइँमा कायरतापूर्ण हमला गर्नुपर्ने र ढिलो हुने' भनी उनीसँग चर्काचर्की बहस गर्थे। उनी भावुक एवम् जोशिला युवकहरूलाई थोरै सेना र कम हतियारको फौजलाई अत्याधुनिक हातहतियारबाट सुसज्जित र तालिम प्राप्त ठूलो फौजसँग हाकाहाकी आमने-सामने लड्न सकिँदैन भनी सम्झाउने गर्थे। तालिम अत्यन्त कठोर र कष्टप्रद थियो। क्रान्तिकारी क्युवाली जवानहरूले एक दिनमा १५-१६ घण्टासम्म डाँडाकाँडा, भीरपाखा, जङ्गल, मैदानमा हिँड्ने तरिकाहरू सिके। त्यसैगरी, तिनीहरूले खरखजानामा के कसरी मितव्ययिता अपनाउने र थोरै खानाको भरमा कसरी जिउने आदि धेरै कुराहरू सिके। तिनीहरूले नजिकै आफ्नो वरपर सजिलै पाउन सकिने खेर गएका वस्तुहरूबाट गोला, बारुद, बमजस्ता विस्फोटक हतियार निर्माण गर्न सिके। यी रणकौशलबाहेक अन्तिम विजयको निम्ति जनताको माझ गई सुदृढ जनाधार खडा गर्ने जनताको असीम माया र सहयोग प्राप्त गर्नुपर्ने र उनीहरूकै सुरक्षामा बस्नुपर्ने मूलमन्त्र पनि सिके। स्वदेश फर्केपछि सैनिक जवानहरूमा सामाजिक नैतिक मूल्य-मान्यतामा अडिग भएर बस्ने र कठोर अनुशासनमा रहनुपर्ने कुरामा अल्वर्टो बायोले निकै जोड दिए। क्यास्ट्रो र अर्जेन्टिनी क्रान्तिकारी तथा डाक्टर अर्नेस्टो चे ग्वेभाराबिच रातदिन छलफल र वादविवाद हुन्थ्यो। अन्तमा उनीहरू साझा निचोडमा पुग्थे।

केही महिनाको अत्यन्त कष्टप्रद सैनिक तालिम सकिएपछि फिडेल क्यास्ट्रो र साथीहरू क्युवा प्रस्थानको तयारीमा जुटे। सन् १९५६ नोभेम्बर २६ को दिन 'ग्रान्मा' नाम जहाजमा बसी ८० जवान सशस्त्र देशभक्त योद्धाहरूको नेतृत्व गर्दै क्यास्ट्रो मेक्सिकोबाट क्युवातर्फ प्रस्थान गरे। सात दिनपछि डिसेम्बर २ को दिन सशस्त्र क्रान्तिकारी दल क्युवाको पूर्वी इलाकाको समुद्री तटमा पुग्यो। दुर्भाग्यको कुरा, बातिस्ताको पहिलो रेजिमेन्ट लुकेर फिडेल क्यास्ट्रो र साथीहरूलाई प्रहार गर्न पर्खिरहेको थियो। असी जवान क्रान्तिकारी योद्धाहरूले अत्याधुनिक शस्त्र-अस्त्र भिरेका सयौंका सयौं प्रतिक्रान्तिकारी शत्रु सेनासँग भिड्नुपऱ्यो। ६८ जना योद्धाहरूले त्यहीं नै शहादत प्राप्त गरे। १२ जवान बाँच्नेहरूमा फिडेल क्यास्ट्रो, राउल क्यास्ट्रो र चे ग्वेभारा पनि थिए। क्यास्ट्रोको नेतृत्वमा १२ जवानको सशस्त्र दल अनेक कष्ट झेल्दै २० दिनको लामो हिँडाइपछि सिएरा माइस्त्रा (Sierra Maestara) पुगे। सिएरा माइस्त्रा क्युवाको पूर्वी इलाकामा अवस्थित छ। घना जङ्गल, अग्लो भिरालो चट्टान भएको सिएरा माइस्त्रा निकै विकट, निर्जन र दुर्गम स्थान थियो। बातिस्ताको फौजले फिडेल क्यास्ट्रोलाई निकै खोजतलास त गरेको थियो। तर, क्रान्तिकारी सशस्त्र दल कुन बाटोबाट कता गएको थियो, त्यसको सुइँको शत्रु सेनाहरूले पाउन सकेनन्।

क्रान्तिकारी सशस्त्र दलले सिएरा माइस्त्रालाई आधार इलाकामा परिणत गऱ्यो र पछि आधार इलाका सम्पूर्ण पूर्वी क्षेत्रमा विस्तार भयो। चारैतिरबाट असङ्ख्य क्रान्तिकारी जोशिला युवाहरू आधार इलाकामा गई क्रान्तिकारी स्वेच्छाले भर्ती भए। सैनिक गतिविधि सँगसँगै साङ्गठनिक गतिविधिबाट जनाधार पनि सुदृढ हुँदै गयो। क्रान्तिको नयाँ लहर पूर्वी क्षेत्रबाट क्युवाभरि फैलियो र क्रान्तिले नयाँ र निर्णायक मोड लियो। क्युवाभरि अमेरिकी साम्राज्यवाद र उसको कठपुतली तानाशाह बातिस्ताको सरकारविरुद्ध विद्रोहको आगो दन्कियो। जननायक एवम् सेनाध्यक्ष फिडेल क्यास्ट्रोले पूर्वी इलाकाबाट सैनिक मुख्यालयलाई बायरको नगर (The Town of Baire) मा सारे। बायरको नगर बायामो (Bayamo) बाट ४२ माइल टाढा छ। फिडेल क्यास्ट्रोका क्युवाली जनसेना चारैतिर क्रान्तिकारी गीत घन्काउँदै पूर्वी इलाकाका उपत्यकाहरू हुँदै अघि बढे। जनसेनाले कैमानेरा (Caimanera) माथि कब्जा जमायो। कैमानेरा रणनीतिक दृष्टिले महत्त्वपूर्ण स्थान थियो किनभने अमेरिकी साम्राज्यवादीहरूको जलसेनाको अखडा ग्वान्टानामो खाडीमा (Guantanamo) थियो। कैमानेरा नजिकै ग्वान्टानामो छ। तुरुन्तै अमेरिकी साम्राज्यवादीहरूको इसारामा बातिस्ताले दुई वटा लडाकु पानीजहाज त्यसतर्फ पठायो। कैमानेरामाथि भयङ्कर बमवर्षा भयो। जनसेनाले प्रत्याक्रमण गर्न थालेपछि रक्तपातपूर्ण भिडन्त भयो। लडाकु पानीजहाजको आक्रमण विफल भयो। जनसेनालाई समूल नष्ट गर्ने लक्ष्य लिई बातिस्ताको सेना भीषण हवाई आक्रमणमा लाग्यो। यो आक्रमण पनि व्यर्थ भयो। तानाशाह बातिस्ताको एउटा बलियो अखडा सान्टियागो (Santiago) मा थियो। थप २ हजार सशस्त्र जवानसहित फिडेल क्यास्ट्रोको नेतृत्वमा जनसेनाले सान्टियागोलाई घेरामा पारे। बातिस्ताको बलियो फौजले जनसेनाको घेरालाई तोड्न दुईपटक असफल प्रयास गऱ्यो। अन्तमा, प्रतिक्रियावादी फौज आफ्नै किल्लाभित्रै बस्न बाध्य भयो। जनसेना एकपछि अर्को भाग मुक्त गर्दै अघि बढ्दै थियो। यसै सिलसिलामा लास भिलास प्रोनिना (Las Villas Pronina) को ठूलो इलाकामा रहेको उखु खेतीको उर्वर फाँट र थुप्रै नगरहरू मुक्त भए।

### बातिस्ताको राज्य आतङ्क

अमेरिकी साम्राज्यवादीहरूको इसारामा क्युवाली जनताको शोषण गरी अनेक रङ्गीन सपना देखिरहेका तानाशाह बातिस्ता र उसका वरपर बसेर चिप्लो घस्ने पदाधिकारीहरू जनसेनाको बढ्दो शक्तिबाट भस्के। एडवार्ड टेलर स्मिथ (Edward T. Smith) तानाशाह बातिस्ताको नजिकको अमेरिकी साथी थियो। ऊ फ्लोरिडा राज्यको गणतान्त्रिक राष्ट्रिय आर्थिक समितिको पूर्व सदस्य थियो। सन् १९५७ मा अमेरिकी राष्ट्रपति आइजनआवर (Eisenhower) ले उसलाई क्युवाका लागि अमेरिकी राजदूत पदमा नियुक्त गरी पठाएको थियो। एडवार्ड टेलर स्मिथले रिपब्लिकन पार्टीलाई ठूलो आर्थिक सहयोग गरेको थियो। पहिले ऊ कम्पनीको कागजपत्र बेचबिखन गर्ने एक व्यापारी (Stock Broker) थियो। बातिस्ताको अर्को घनिष्ठ साथी अमेरिकी एजेन्ट मायर लान्स्की (Mayer Lansky) थियो। ऊ एक कुख्यात, जुवाडे र डाँकु थियो। हवानालगायत अन्य प्रमुख नगरहरूमा उसले ठूलठूला होटलहरूमा जुवा (क्यासिनो) खोलेको थियो। ती क्यासिनोहरूमा उठ्ने कुल रकमको आधा रकम बातिस्तालाई जान्थ्यो। अमेरिकी साम्राज्यवादीहरू र क्युवाली प्रतिक्रियावादीहरू ती होटलहरूमा मोजमस्ती र विलासी जीवन बिताउँथे। क्युवाली क्रान्तिकारी जनसेनाले ती होटल र क्यासिनोहरूलाई आक्रमणको तारो बनाए। प्रमुख सहरहरूमा रहेका गगनचुम्बी होटलहरू र जुवाका खालहरूमा राति अचानक क्रान्तिकारीको बम पड्किन थाल्यो। क्युवाको राजधानी हवानाको भव्य होटल र जुवाका खालहरूमा विध्वंश गर्दै एकै रातमा सयौं बम विस्फोट हुन थाले। तानाशाह बातिस्ताले राजधानी हवाना सहर जनसेनाबाट घेरिएको यथार्थलाई बुझ्यो। तर, क्रान्तिकारी सेना एकजना पनि थिएन। ऊ के गर्ने र के नगर्ने असमञ्जसमा पऱ्यो र ऊ बहुलायो। जननायक फिडेल क्यास्ट्रोको प्रतिष्ठालाई कलङ्कित पार्न प्रचारबाजीमा लाग्यो। उसले प्रहरी जासुसी र सैनिक जासुसीका पदाधिकारीहरूलाई गाली गऱ्यो। कैयौं सैन्य पदाधिकारी र प्रहरी पदाधिकारीहरूलाई बर्खास्त गऱ्यो। उसले जनसेनाका आधारहरू ध्वस्त पार्न सैनिक कारबाही गऱ्यो। तर, त्यस सैनिक कारबाहीको कुनै सीप लागेन। त्यसपछि तानाशाह बातिस्ताले राज्य आतङ्क सुरु गऱ्यो।

बाँकी पृष्ठ ७ मा

# कुरिल टापुमा राष्ट्रपति पुटिनको भ्रमण



मस्को, २८ साउन (एएफपी)। जापानले आफ्नो भूभागका रूपमा दाबी गर्दै आएको विवादित कुरिल टापुमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले पहिलोपटक भ्रमण गर्नुभएको छ। पुटिनको यो भ्रमणले लामो समयदेखि क्षेत्रीय विवादका कारण तनावपूर्ण रहँदै आएको रूस-जापान सम्बन्धमा थप चिसोपन आउन सक्ने सङ्केत गरेको छ।

सरकारी सञ्चारमाध्यम तासका अनुसार पुटिनले पहिलोपटक व्यक्तिगत रूपमा कुरिल टापुहरूको भ्रमण गर्नुभएको हो। भ्रमणका क्रममा उहाँले रूसको प्रशान्त महासागरस्थित नौसैनिक बेडाको प्रमुख युद्धपोतको निरीक्षण गर्नुभएको थियो।

जापानमा 'उत्तरी क्षेत्र' भनेर चिनिने यी विवादित टापु सन् १९४५ मा तत्कालीन सोभियत सङ्घले कब्जा गरेपछि रूसको नियन्त्रणमा छन्। दोस्रो विश्वयुद्धको अन्तिम चरणमा सोभियत सेनाले कब्जा गरेको यस भूभागलाई लिएर मस्को र टोकियोबिच दशकौँदेखि विवाद रहँदै आएको छ।

सन् २०२२ मा रूसले युक्रेनमा पूर्णस्तरीय युद्ध सुरु गरेपछि दुई देशबिचको सम्बन्ध थप बिग्रिएको छ। जापानले युक्रेनमाथिको रुसी आक्रमणको विरोध गर्दै मस्कोमाथि पश्चिमी मुलुकसँग मिलेर विभिन्न प्रतिबन्ध लगाएपछि द्विपक्षीय सम्बन्ध अझ तनावपूर्ण बनेको हो।

होक्काइडोको उत्तरमा रणनीतिक रूपमा अवस्थित यी ज्वालामुखीय टापुहरूमा सोभियत सङ्घले दोस्रो विश्वयुद्धपछि सैन्य उपस्थिति कायम राखेको थियो। सन् २०१० मा तत्कालीन रुसी राष्ट्रपति दिमित्री मेदभेदेभ विवादित टापुहरूको भ्रमण गर्ने पहिलो रुसी राष्ट्रपति बन्नुभएको थियो। उहाँले सन् २०१९ मा प्रधानमन्त्रीका रूपमा समेत त्यहाँ भ्रमण गर्नुभएको थियो।

विवादित चार टापु ज्वालामुखीय कुरिल द्वीपसमूहको हिस्सा हुन्। यो द्वीपसमूह रूसको कामचटका प्राय:द्वीपदेखि जापानको उत्तरी मुख्य टापु होक्काइडोसम्म लामो चापका रूपमा फैलिएको छ। रूसले कुनासिर, हबोमाई, शिकोटान र इटुरूप नाम प्रयोग गर्ने यी टापुलाई जापानले क्रमश: कुनासिरी, हबोमाई, शिकोटान र एटोरोफु भन्ने गरेको छ।

यी टापुमा करिब २० हजार रुसी नागरिक बसोबास गर्छन्। कठोर जलवायुका बाबजुद क्षेत्र प्राकृतिक स्रोतका दृष्टिले महत्त्वपूर्ण मानिन्छ। यहाँ सुन र चाँदीलगायत खनिजको भण्डार रहेको छ भने वरपरका समुद्री क्षेत्रमा प्रशस्त माछा पाइने भएकाले माछा मार्ने गतिविधि पनि महत्त्वपूर्ण छ।

सन् १९४५ मा टापु कब्जा गरेपछि मस्कोले त्यहाँ रहेका करिब १७ हजार जापानी नागरिकलाई विस्थापित गरेको थियो। त्यसपछि यी टापुको रणनीतिक महत्त्व झनै बढ्यो। शीतयुद्धका क्रममा सोभियत सङ्घले यहाँका सैन्य तथा हवाई आधारलाई संयुक्त राज्य अमेरिका र उसको प्रमुख प्रशान्त सहयोगी जापानमाथि निगरानी तथा प्रतिरोधका लागि प्रयोग गरेको थियो।

रूस र जापानबिच यस विवादको समाधानका लागि विगतमा पटकपटक वार्ता भएका छन्। केही अवसरमा वार्ताले उल्लेखनीय प्रगति गर्ने सङ्केत देखिए पनि स्थायी समाधान भने हुन सकेको छैन।

सन् १९५६ मा दुई देशबिच कूटनीतिक सम्बन्ध स्थापना हुँदा तत्कालीन सोभियत नेता निकिता खुस्चेभले शान्ति सन्धि भएपछि विवादित दुई टापु जापानलाई फिर्ता गर्न सकिने प्रस्ताव गर्नुभएको थियो। तर उक्त प्रस्तावले पनि सम्पूर्ण क्षेत्रीय विवाद समाधान गर्न सकेन।

सन् १९९१ मा सोभियत सङ्घ विघटन भएपछि रूस र जापानबिच वार्ता पुन: सुरु भए पनि चार दशकभन्दा लामो विवाद अन्त्य गर्ने गरी ठोस सहमति हुन सकेको छैन। युक्रेन युद्धपछि सम्बन्ध थप तनावपूर्ण बनेको अवस्थामा पुटिनको कुरिल भ्रमणले यो विवाद फेरि दुई देशबिचको सम्बन्धको केन्द्रमा ल्याएको छ।

# यूएसएस लिङ्कनको अवस्थामाथि प्रश्न

वासिङ्टन, २८ साउन (एएफपी)। अमेरिकी नौसेनाको विमानवाहक पोत युएसएस अब्राहम लिङ्कनमा लामो समयदेखि जारी तैनाथीका क्रममा खाद्यान्न अभाव, पानी तथा प्लम्बिङ समस्या र मानसिक स्वास्थ्य सङ्कट देखिएको रिपोर्ट सार्वजनिक भएपछि कङ्ग्रेसका डेमोक्रेट सांसदहरूले जहाजमा रहेका सैनिकको अवस्थाबारे जवाफ मागेका छन्।

सिनेटर रिचर्ड ब्लुमेन्थलले बुधबार रक्षामन्त्री पीट हेग्सेथलाई पत्र लेख्दै विमानवाहक पोतमा रहेका सैनिकको अवस्थाबारे नौसेनालाई जवाफदेही बनाउन आग्रह गरेका छन्। उनका अनुसार युएसएस अब्राहम लिङ्कन २५० दिनभन्दा बढी समयदेखि तैनाथ छ र २०० दिनभन्दा बढी समयसम्म बन्दरगाहमा नरोकी समुद्रमै रहेको अमेरिकी नौसेनाको रेकर्ड बनेको छ।

ब्लुमेन्थलले लामो तैनाथीका क्रममा जहाजमा आधारभूत सामग्रीको अभाव, पानी प्रदूषण, प्लम्बिङ समस्या, बिग्रँदो मानसिक स्वास्थ्य तथा डेक सुरक्षासम्बन्धी चिन्ता देखिएको विभिन्न रिपोर्टलाई उल्लेख गरेका छन्। उनले यति लामो समयसम्म सैनिकलाई समुद्रमै राख्दा उनीहरूको स्वास्थ्य, सुरक्षा र कार्यक्षमतामा पर्न सक्ने असरबारे गम्भीर चासो व्यक्त गरेका छन्।

सिनेटर रुबेन गालेगोले पनि सामाजिक सञ्जाल एक्समार्फत युएसएस लिङ्कनमा द्विदलीय सिनेट प्रतिनिधिमण्डलबाट औपचारिक निरीक्षण भ्रमण गराउन आग्रह गरेका छन्। उनले जहाजमा देखिएको भनिएको चिन्ताजनक अवस्थाको प्रत्यक्ष अनुसन्धान आवश्यक रहेको उल्लेख गरेका छन्।

युएसएस अब्राहम लिङ्कनले नोभेम्बर २१, २०२५ मा दक्षिण चीन सागरमा तैनाथीका लागि क्यालिफोर्नियाको सान डिएगोबाट यात्रा सुरु गरेको थियो। फेब्रुअरी २८ देखि इरानमा सुरु भएको अमेरिका-इजरायल सैन्य कारबाहीअघि उक्त विमानवाहक पोतलाई मध्यपूर्वतर्फ फर्काइएको थियो।

लामो समयदेखि घर फर्कन नपाएका सैनिकका परिवारले पनि पछिल्ला दुई बैठकमा नौसेना नेतृत्वसँग जहाजमा रहेका करिब पाँच हजार नाविक तथा मरीनले सामना गरिरहेको कठिन अवस्थाबारे प्रश्न उठाएका थिए। परिवारका सदस्यहरूले खाद्यान्नको अभाव, लामो तैनाथी र आफ्ना आफन्त कहिले घर फर्कन पाउने भन्नेबारे स्पष्ट जानकारी मागेका थिए।

केही परिवारले जहाजमा रहेका सैनिकमा गम्भीर मानसिक स्वास्थ्य समस्या देखिएको तथा आत्महत्या प्रयाससमेत भएको रिपोर्ट गरेका छन्। यसले लामो समयसम्मको तैनाथीले सैनिकको मानसिक स्वास्थ्यमा पारिरहेको प्रभावबारे थप चिन्ता बढाएको छ।

गालेगोले बुधबारको आफ्नो पोस्टमा जहाजको अवस्था अत्यन्त गम्भीर रहेको दाबी गरेका छन्। उनका अनुसार केही चालक दलका सदस्यले जहाजबाट हामफाल्ने धम्की दिएको रिपोर्टसमेत आएको छ। उनले धुवाँले भरिएको स्नानकक्ष, कहिलेकाहीँ मात्र उपलब्ध हुने तातो पानी, सीमित गरिएको खाना र साबुन, बिग्रिएका शौचालय तथा दैनिक १२ देखि १६ घण्टासम्मको कामबारे उल्लेख गरेका छन्।

गालेगोले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा भइरहेको सैन्य कारबाहीका क्रममा अमेरिकी सैनिकसँग यस्तो व्यवहार हुनु 'घृणित मात्र नभई खतरनाक' समेत रहेको टिप्पणी गर्नुभएको छ।

# चीनको आर्थिक रूपान्तरणका सूत्रधार झु रोङ्जीको निधन

पेइचिङ, २८ साउन (एएफपी)। चीनलाई विश्व अर्थतन्त्रसँग थप गहिरो रूपमा जोड्दै तीव्र आर्थिक वृद्धिको आधार तयार पार्ने महत्त्वपूर्ण बजार सुधारका प्रमुख योजनाकार मानिने पूर्वप्रधानमन्त्री झु रोङ्जीको ९७ वर्षको उमेरमा निधन भएको छ। उहाँको निधनसँगै चीनको आर्थिक रूपान्तरणको एक महत्त्वपूर्ण अध्यायको अन्त्य भएको छ।

सरकारी समाचार एजेन्सी सिन्ह्वाका अनुसार रोगबाट पीडित उहाँको उपचारका क्रममा बुधबार बिहान पेइचिङमा निधन भएको हो। चीनका शीर्ष राजनीतिक निकायले संयुक्त रूपमा जारी गरेको शोक सन्देशमा उहाँको जीवनलाई क्रान्ति, सङ्घर्ष र गौरवसँग जोडिएको जीवनका रूपमा चित्रण गरिएको छ।

शोक सन्देशमा उहाँले जनताको सेवामा आफ्नो जीवन पूर्ण रूपमा समर्पित गर्नुभएको र कम्युनिस्ट उद्देश्यका लागि योगदान दिनुभएको उल्लेख छ। उहाँको निधनलाई पार्टी र देशका लागि ठुलो क्षतिका रूपमा वर्णन गरिएको छ।

झु सन् १९९८ मा चीनको प्रधानमन्त्री बन्नुभएको थियो। प्रधानमन्त्रीका रूपमा उहाँले कडा निर्णय लिन सक्ने र बजारमुखी आर्थिक सुधारप्रति दृढ नेताका रूपमा आफ्नो पहिचान बनाउनुभएको थियो। उहाँको कार्यकालमा चीनले राज्यनियन्त्रित अर्थव्यवस्थाबाट बजारमुखी आर्थिक प्रणालीतर्फ तीव्र गतिमा अघि बढ्ने महत्त्वपूर्ण कदम चालेको थियो।

उहाँका प्रमुख सुधारमध्ये लामो समयदेखि घाटामा रहेका राज्य स्वामित्वका उद्योगलाई निजीकरण गर्ने व्यापक कार्यक्रम, सहरी आवास प्रणालीमा सुधार तथा घरको स्वामित्वलाई प्रोत्साहन गर्ने नीति प्रमुख थिए। ती सुधारले चीनको आर्थिक संरचनामा ठुलो परिवर्तन ल्याउनुका साथै निजी क्षेत्र र उपभोक्तामुखी अर्थतन्त्रको विस्तारमा महत्त्वपूर्ण भूमिका खेले।

झुको कार्यकालमा भएका सुधारले रियल स्टेट तथा निर्माण क्षेत्रमा तीव्र विस्तारको आधारसमेत तयार गरेको थियो। सन् २०२० मा गम्भीर ऋण सङ्कट देखिनुअघि चीनको अर्थतन्त्रको करिब एकचौथाइ हिस्सा यसै क्षेत्रसँग सम्बन्धित भइसकेको थियो। यद्यपि पछिल्ला वर्षमा यही क्षेत्र चीनको अर्थतन्त्रका लागि प्रमुख चुनौतीमध्ये एक बनेको छ।

उहाँलाई सन् १९९७ मा देखिएको एसियाली वित्तीय सङ्कटको प्रभावबाट चीनलाई जोगाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको श्रेय पनि दिइन्छ। त्यसबेला क्षेत्रका धेरै अर्थतन्त्र गम्भीर वित्तीय समस्यामा परेका थिए। चीनले भने आफ्नो मुद्रा तथा अर्थतन्त्रलाई तुलनात्मक रूपमा स्थिर राख्न सफल भएको थियो।



झुको अर्को महत्त्वपूर्ण योगदान चीनलाई विश्व व्यापार सङ्गठन (डब्लुटिओ) को सदस्य बनाउने वार्तासँग जोडिएको छ। उहाँले सन् २००१ मा चीनको डब्लुटिओ प्रवेशका लागि भएको वार्तामा महत्त्वपूर्ण नेतृत्व गर्नुभएको थियो। चीनको विश्व व्यापार सङ्गठनमा प्रवेशलाई माओत्सेतुङको नेतृत्वमा लामो समयसम्म बाहिरी विश्वबाट अलग रहेको अर्थतन्त्रलाई विश्व बजारसँग जोड्ने ऐतिहासिक कदमका रूपमा लिइन्छ।

उहाँका आर्थिक सुधारले लाखौँ चिनियाँ नागरिकलाई गरिबीबाट माथि उठाउन योगदान पुर्‍याए पनि त्यससँगै आय तथा सम्पत्तिको असमानता बढेको आलोचना पनि भयो। बजारमुखी सुधारको यही धारणापछि चीनको राजनीतिक नेतृत्वमा क्रमश: कमजोर हुँदै गयो।

सन् २०१२ मा सी जिनपिङ सत्तामा आएपछि चीनले अर्थतन्त्रमा राज्यको भूमिकालाई पुन: बलियो बनाउँदै थप सन्तुलित विकासमा जोड दिन थालियो। सी नेतृत्वले अनियन्त्रित पुँजी विस्तारको आलोचना गर्दै एकाधिकारवादी व्यवहार मानिएका ठुला निजी कम्पनी तथा अत्यधिक विस्तार भएको घरजग्गा क्षेत्रमाथि समेत कडाइ गरेको छ।

झुको निधनपछि जारी शोक सन्देशमा उहाँलाई चिनियाँ कम्युनिस्ट पार्टीका उत्कृष्ट सदस्य, लामो समयदेखि परीक्षित र वफादार कम्युनिस्ट योद्धा तथा पार्टी र राज्यका उत्कृष्ट नेतामध्ये एकका रूपमा वर्णन गरिएको छ।

शोक सन्देशमा झुको क्रान्तिकारी भावना, उच्च चरित्र र असल आचरणबाट सिक्दै वर्तमान नेतृत्वप्रति अझ नजिकबाट एकताबद्ध हुन आह्वान गरिएको छ। यसबाट उहाँप्रति पार्टीको औपचारिक सम्मान र चीनको आर्थिक इतिहासमा उहाँको भूमिकालाई दिइएको महत्त्व स्पष्ट हुन्छ।

झुको निधनको समाचार सार्वजनिक भएपछि चिनियाँ सामाजिक सञ्जाल वेइबोमा उहाँको नाम छिट्टै शीर्ष प्रवृत्तिमध्ये परेको थियो। समाचार सार्वजनिक भएको केही घण्टामै यससम्बन्धी सामग्री १९ करोडभन्दा बढी पटक हेरिएको थियो।

वेइबोमा धेरै प्रयोगकर्ताले उहाँलाई चीनको आर्थिक विकासका लागि महत्त्वपूर्ण योगदान दिने प्रधानमन्त्रीका रूपमा सम्झिएका छन्। धेरै नेटिजनले उहाँलाई 'जनताको असल प्रधानमन्त्री' भन्दै श्रद्धाञ्जलि दिएका थिए। उक्त टिप्पणीमा १७ हजारभन्दा बढी लाइक आएको थियो। अन्य प्रयोगकर्ताले पनि उहाँको सम्झनामा मैनबत्तीका इमोजी प्रयोग गर्दै श्रद्धाञ्जलि व्यक्त गरेका थिए।

झु रोङ्जीको राजनीतिक विरासत चीनको तीव्र आर्थिक रूपान्तरणसँग गहिरोसँग जोडिएको छ। उहाँले नेतृत्व गरेको बजार सुधारले चीनलाई विश्व अर्थतन्त्रको केन्द्रतर्फ अघि बढाउन महत्त्वपूर्ण आधार तयार पारेको थियो। उहाँका कतिपय नीतिले पछिल्ला वर्षमा नयाँ चुनौतीसमेत जन्माए पनि चीनलाई विश्व बजारसँग जोड्ने प्रक्रियामा उहाँको भूमिका ऐतिहासिक रूपमा महत्त्वपूर्ण मानिन्छ।

# बङ्गलादेशको राष्ट्रपति दौडमा आलमगीर

ढाका, २८ साउन (एएनआई)। बङ्गलादेश राष्ट्रवादी पार्टी (बीएनपी) ले महासचिव मिर्जा फखरूल इस्लाम आलमगीरलाई आगामी राष्ट्रपति निर्वाचनका लागि पार्टीको उम्मेदवार चयन गरेको छ। उम्मेदवार बनेलगत्तै आलमगीरले पार्टी महासचिव तथा राष्ट्रिय स्थायी समितिको सदस्य पदबाट राजीनामा दिनुभएको छ।

बीएनपीका वरिष्ठ संयुक्त महासचिव रुहुल कबिर रिजवीले प्रधानमन्त्री कार्यालयअगाडि रहेको पार्टी सचिवालयमा बिहीबार राष्ट्रिय स्थायी समितिको बैठकपछि पत्रकार सम्मेलनमार्फत आलमगीरलाई राष्ट्रपतिको उम्मेदवार बनाउने निर्णय सार्वजनिक गर्नुभएको हो। बैठकमा पार्टीका संयुक्त महासचिवसहित राष्ट्रिय स्थायी समितिका अन्य नेताहरूको उपस्थिति थियो।

रिजवीले आलमगीर पार्टीको राष्ट्रपतीय उम्मेदवार बन्नुभएको घोषणा गर्दै उक्त निर्णय पार्टीका अध्यक्ष तथा बङ्गलादेश सरकारका प्रधानमन्त्रीसँग भएको बैठकमा यसअघि नै गरिएको जानकारी दिनुभयो। उहाँले आलमगीरले उम्मेदवारका रूपमा अघि बढ्न पार्टी महासचिव र राष्ट्रिय स्थायी समितिको सदस्य पदबाट राजीनामा दिनुभएको पनि पुष्टि गर्नुभयो।

बङ्गलादेशमा पूर्वराष्ट्रपति मोहम्मद साहाबुद्दिनले गम्भीर स्वास्थ्य समस्या देखाउँदै गत महिना पदबाट राजीनामा दिएपछि नयाँ राष्ट्रपति चयनको प्रक्रिया अघि बढेको हो। साहाबुद्दिनले अप्रिल २०२३ देखि राष्ट्रपतिको जिम्मेवारी सम्हाल्दै आउनुभएको थियो।

छयत्तर वर्षीय साहाबुद्दिनले गत जुलाई २४ मा बङ्गलादेशको राष्ट्रिय संसद्का अध्यक्षसमक्ष हस्ताक्षर गरिएको राजीनामा पत्र बुझाउनुभएको थियो। अध्यक्ष मेजर (सेवानिवृत्त) हाफिज उद्दीन अहमदले सोही दिन राजीनामा स्वीकार गरिएको पुष्टि गर्नुभएको थियो।

राष्ट्रिय संसद् भवनमा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष अहमदले संविधानको धारा ५४ अनुसार नयाँ निर्वाचित राष्ट्रपतिले पदभार ग्रहण नगरेसम्म आफूले अध्यक्षका रूपमा राष्ट्रपतिको जिम्मेवारी सम्हालिरहेको बताउनुभएको थियो।

साहाबुद्दिनले सन् २०२३ अप्रिल २४ मा बङ्गलादेशको २२ औँ राष्ट्रपतिका रूपमा पदभार ग्रहण गर्नुभएको थियो। उहाँ तत्कालीन सत्तारूढ अवामी लिगका उम्मेदवारका रूपमा निर्विरोध निर्वाचित हुनुभएको थियो। उहाँको पाँचवर्षे कार्यकाल सन् २०२८ अप्रिलमा पूरा हुने थियो।

बङ्गलादेशको संविधानअनुसार राष्ट्रपति पद रिक्त भएमा नयाँ राष्ट्रपति निर्वाचित नभएसम्म संसद्का अध्यक्षले राज्यको अन्तरिम प्रमुखका रूपमा राष्ट्रपतिको जिम्मेवारी सम्हाल्ने व्यवस्था छ।

अब राष्ट्रिय संसद्ले राष्ट्रपतिको पद रिक्त भएको मितिदेखि ९० दिनभित्र नयाँ राष्ट्रपति चयन गर्नुपर्ने संवैधानिक व्यवस्था छ। बीएनपीले आलमगीरलाई उम्मेदवार बनाएसँगै आगामी राष्ट्रपति निर्वाचनका लागि राजनीतिक प्रक्रिया अघि बढेको छ।

# अँध्यारोबाट उज्यालोतिरको जीवन–यात्रा



चण्डेश्वरी सुवाल

### बाल्यकाल, पारिवारिक परिवेश र शिक्षाबाट वञ्चित अवस्था

चण्डेश्वरी सुवालको वि.सं. २०२५ जेठ ४ गते भक्तपुर नगरपालिका वडा नं. २ को व्यासीमा एउटा सामान्य किसान परिवारमा भएको थियो । प्राचीन सांस्कृतिक वैभवले भरिपूर्ण भक्तपुर सहरमा बाल्यावस्था बितेको भए तापनि बाल्यकाल सांस्कृतिक रौनकताभन्दा बढी गरिबी र अभावको छायामा जेलिएको थियो । उनको परिवार पूर्ण रूपमा खेतीपातीमा निर्भर थियो । बिहानदेखि बेलुकासम्म माटोमा पसिना बगाउनु र माटोबाटै जीवन धान्नु उनको परिवारको नियति थियो ।

उनको घरमा दिदीबहिनीहरूको सङ्ख्या धेरै थियो । त्यस समयको परम्परागत समाजमा छोरा र छोरीबिच ठुलो विभेद गरिन्थ्यो । वंश धान्नका लागि छोरा हुनु अनिवार्य मानिन्थ्यो । छोराहरू धेरै नहुनेलाई समेत दाजुभाइ र छिमेकीले धेरै हेला होचो हुने गर्दथ्यो । छोरा पाउने उत्कट चाहनामा आमाबाबुले धेरै छोरीलाई जन्म दिनुभयो । दिदीबहिनीहरूको ठुलो सङ्ख्या र कमजोर आर्थिक अवस्थाका कारण घरको दैनिकी अत्यन्तै कष्टकर थियो । घरमा खेतीपाती र घरायसी कामको बोझ यति धेरै थियो कि छोरीहरूका लागि विद्यालयको ढोका टेक्नु असम्भव प्राय: बनेको थियो ।

सानै हुँदा दौँतरीहरू कापी–कलम बोकेर विद्यालय जाँदा मनमा पढ्ने ठुलो रहर उनीमा जाग्थ्यो । तर, किसान परिवारको कठोर यथार्थ र छोरीलाई पढाउनु हुन्न भन्ने सामाजिक चेतनाको कमीका कारण औपचारिक शिक्षा पाउनबाट उनी वञ्चित रह्यो । कलिलो उमेरमै कलमको सट्टा कुटो, कोदालो र घाँस–दाउराको भार सुम्पियो । सायद भाग्यमा अक्षरहरूसँग खेल्ने लेखेको छैन, केवल माटोसँगै पौँठेजोरी खेल्नु जीवनको अन्तिम सत्य हो ।" भन्ने भावना मनमा लिन्थिन् ।

### चेतनाको जागरण, साक्षरता र राजनीतिक–सांस्कृतिक यात्रा

उमेर बढ्दै जाँदा उनको मनभित्र अनौपचारिक रूपमै भए पनि अक्षर चिन्ने तीव्र तृष्णा जाग्न थाल्यो । निरक्षर भएकोमा भित्री हृदयदेखि नै ग्लानि हुन्थ्यो । समाजमा अन्य मानिसहरूले निर्धक्कसाथ पत्रपत्रिका पढेको, नाम लेखेको देख्दा आत्माले भन्थ्यो, "मैले पनि अक्षर चिन्नुपर्छ ।" यही अदम्य इच्छाशक्तिका कारण उनी अनौपचारिक शिक्षातर्फ लागिन् ।

जब आफ्नै घरमा टोलका अगुवा दाइहरूबाट प्रौढ शिक्षा कक्षाहरू सञ्चालन गर्न थाल्नुभयो । घरको सम्पूर्ण काम सकाएर, दिनभरिको थकानलाई भुलेर उनले प्रौढ कक्षा पढ्न थाले । रातको समयमा सञ्चालन हुने ती कक्षाहरू ज्ञानको नयाँ क्षितिज बनेर आए । प्रौढ कक्षामा पढ्दा सुरु–सुरुमा समाज र परिवारबाट केही जिस्क्याउने र गिज्याउने काम पनि भए । निकै मिहिनेतका साथ जाँगर चलाएर उनले कापी र कलम समात्न सिकिन् । अ, आ, इ, ई र क, ख, ग, घ लेख्दा औँलाहरू काँपेका थिए, तर उनको अठोट अटल थियो ।

समाजका दूरदर्शी र क्रान्तिकारी अगुवा दाइहरूसँग भेट भयो । रात्रिकालीन कक्षामा उनी नियमित सहभागी हुन थालिन् । ती अगुवा दाइहरूबाट अक्षर चिन्नुको साथै उनले राजनीतिक, सामाजिक र सांस्कृतिक शिक्षा प्राप्त गरिन् । उहाँहरूले समाजमा विद्यमान अन्याय, अत्याचार, शोषण र महिलामाथि हुने विभेदबारे उनको आँखा खोलिदिनुभयो ।

उनले समाजलाई हेर्ने नयाँ दृष्टिकोण पाइन् । उनको मनमा अधिकार र सामाजिक परिवर्तनको ज्वाला सल्कियो । फलस्वरूप, उनी विभिन्न राजनीतिक र सामाजिक गतिविधिहरूमा सक्रिय रूपमा सहभागी हुन थालिन् । 'नेपाल क्रान्तिकारी महिला सङ्घ' मा आबद्ध भएर महिला अधिकार, सामाजिक समानता र उत्पीडित वर्गको आवाज उठाउने अभियानमा लागिन् । निरक्षरताको अँध्यारो खाडलबाट निस्किएर सामाजिक क्रान्तिको बाटोमा पाइला चाल्नु उनको जीवनको पहिलो ठुलो रूपान्तरण थियो ।

### वैवाहिक जीवन र आकस्मिक पारिवारिक बज्रपात

सामाजिक र राजनीतिक गतिविधिहरूमा सक्रिय रहँदै गर्दा वि.सं. २०४६ सालमा उनको विवाह भयो । वैवाहिक जीवन सामान्य तर सुखद नै बितिरहेको थियो । श्रीमान्ले परिवारको गुजारा चलाउनका लागि भक्तपुर र काठमाडौँका सडकहरूमा भक्तपुरबाट तरकारी लिएर टेम्पोमा राखी काठमाडौँ लाने गर्नुहुन्थ्यो ।

तर, सुखको यो अवधि धेरै लामो समयसम्म टिकिरहन सकेन । वि.सं. २०५० साल मङ्सिर ५ मा उनको जीवनमा एउटा यस्तो भयावह र हृदयविदारक बज्रपात पर्‍यो, जसले उनको सानो र हँसिलो संसारलाई क्षणभरमै तहसनहस बनाइदियो । श्रीमान्ले चलाउने टेम्पोलाई एउटा स्कूलको गाडीले ठक्कर दियो । त्यो सडक दुर्घटनामा श्रीमान्को ज्यान गयो ।

त्यो खबर सुन्दा उनलाई गोडामुनिको भुइँ भासिएजस्तो भयो । आँखा अगाडि घोर अन्धकार छायो । त्यो कालो दिनले उनलाई २४–२५ वर्षको युवा उमेरमै अकल्पनीय विधवा बनाइदियो । उनको काखमा दुई साना छोराहरू र एउटी दूधे छोरी थिइन् । परिवारको एकमात्र आर्थिक आधार, जीवनको बलियो सहारा र सन्तानका पिता सधैँका लागि छाडेर गयो ।

### कारुणिक सङ्घर्ष, उपेक्षा र जीवनका चुनौतीहरू

श्रीमान्को असामयिक निधनपछि स्कूलले क्षतिपूर्ति बापत एउटा छोरालाई कक्षा १० सम्म अध्ययन गराउन खर्च व्यहोर्ने सहमति गर्‍यो । अर्को छोरा र छोरीलाई टोलका अग्रजहरूले एस.ओ.एस. (SOS) बाल ग्राममा नि:शुल्क पढाइदिने वातावरण बनाई दिनुभयो । श्रीमान्को मृत्युपश्चात् टेम्पोको बीमा बापत प्राप्त भएको रु. ५०,००० (पचास हजार) रूपैयाँ प्राप्त गरिन् ।

श्रीमान्को मृत्युपश्चात् उनको जीवन झनै कहालीलाग्दो र पीडादायी बन्न पुग्यो । पतिको असामयिक वियोगको गहिरो शोकमा छटपटाइरहेकी उनीमाथि सामाजिक, पारिवारिक र आर्थिक उपेक्षाका तीखा काँडाहरू प्रहार हुन थाले ।

केही मानिस र आफन्तहरूले उनलाई अर्कै केटासँग विवाह गर्न, अर्थात् पुन: विवाह गर्नका लागि अवाञ्छित दबाब र सल्लाहहरू दिन थाले । एकातिर पतिको मृत्युको असह्य पीडा, अर्कोतिर साना–साना तीन जना बालबच्चाहरूको लालनपालन र शिक्षादीक्षाको चिन्ता, पारिवारिक र सामाजिक हेला तथा अपहेलना !

### जागिरे जीवनको सुरुआत: शिशु स्याहार केन्द्र र भक्तपुर नगरपालिकामा प्रवेश

अत्यन्तै कठिन र अन्धकारमय परिस्थितिमा उनको लागि टोलका अग्रज नेताहरू र महिला साथीहरू आशाको सञ्जीवनी बनेर आउनुभयो । टोलका अग्रज अगुवा साथीहरूले दु:ख र सङ्घर्षलाई नजिकबाट देख्नुभएको थियो । उहाँहरूले सान्त्वना, हौसला र हिम्मत दिनुभयो ।

वि.सं. २०५६ सालमा भक्तपुर नगरपालिकाअन्तर्गत सञ्चालित 'शिशु स्याहार केन्द्र' मा साबिक वडा नं. १४ हाल वडा नं. ४ को शिशु स्याहारमा जागिर पाउने सुनौलो अवसर उनलाई मिल्यो । यसका लागि नेपाल क्रान्तिकारी महिला सङ्घका व्यक्तित्वहरूको ठुलो प्रेरणा, सिफारिस र सहयोग रहेको थियो । उहाँहरूकै प्रयासका कारण उनले उक्त शिशु स्याहार केन्द्रमा आया/हेरचाहकर्ताको रूपमा जागिर पाइन् ।

जागिर पाउनु उनको जीवनको नयाँ प्रभात थियो । यसले आर्थिक रूपमा आत्मनिर्भर बन्ने पहिलो आधार प्रदान गर्‍यो । उनको दैनिक जीवन शिशु स्याहार केन्द्रका साना–साना बालबालिकाहरूको सेवा र हेरचाहमा बित्न थाल्यो । शिशु स्याहार केन्द्रमा काम गर्दा उनले आफ्नो रोजीरोटी मात्र कमाइनँ, बरु आफ्ना व्यक्तिगत दु:खहरूलाई बिर्सेर अरूका बालबालिकाहरूमा मातृत्व र माया बाँड्न सिकिन् ।

त्यहाँ उनले दैनिक रूपमा साना बालबालिकाहरूलाई सफासुघर गर्ने, उनीहरूलाई खेलाउने, स्याहारससार गर्ने र खुवाउने गरिन् । जागिरबाट प्राप्त तलबले आफ्ना तीन सन्तानलाई भोकै पर्न नदिन र उनीहरूलाई हुर्काउन ठुलो सहारा मिल्यो । बीमा बापत पाएको ५०,००० रूपैयाँलाई पनि उनले मितव्ययी ढङ्गले साना–तिना घरायसी आवश्यकता पुरा गर्न र सन्तानको भविष्यका लागि सुरक्षित राखिन् ।

### सङ्गठनात्मक सक्रियता, राजनीतिक निष्ठा र सामाजिक योगदान

जागिर र घरायसी सङ्घर्षका बाबजुद पनि उनले आफ्नो सामाजिक र राजनीतिक दायित्वलाई कहिल्यै बिर्सिनन् । नेमकिपाका अग्रजहरूको सल्लाह र मार्गदर्शनमा उनी निरन्तर रूपमा विभिन्न सामाजिक तथा राजनीतिक गतिविधिहरूमा सक्रिय भइरहिन् ।

उनले 'लसकुस बचत तथा ऋण सहकारी संस्था लि.' को सञ्चालक समिति सदस्य भएर लामो समयसम्म काम गरिन् । उनले स्थानीय महिलाहरूलाई आर्थिक रूपमा बचत गर्ने बानी बसाल्न, उनीहरूलाई आत्मनिर्भर बनाउन र साना–तिना कर्जा उपलब्ध गराएर स्वरोजगार बनाउन महत्त्वपूर्ण योगदान गरिन् ।

उनी 'नेपाल क्रान्तिकारी महिला सङ्घ चोछेँ वडा एकाइ समिति' मा लामो समयसम्म सक्रिय रहेर महिला अधिकार, सचेतनाका लागि खटिन् । साथै विभिन्न सभा, आमसभा, राजनीतिक तथा सांस्कृतिक कार्यक्रमहरूमा सहभागी भइन् ।

उनले भनिन्, "राजनीतिक गतिविधिमा लाग्दा मलाई पाउने लालसा वा आर्थिक फाइदा केही थिएन । तर, पार्टीको सिद्धान्त, विचार र उत्पीडित जनताप्रतिको निष्ठाले मलाई सधैँ ऊर्जा दिन्थ्यो । राजनीतिक गतिविधिमा लाग्दा दु:ख र पीडाहरू बिर्सिन्थे र मनमा एउटा अलग्गै आनन्द र आत्मसन्तुष्टि आउँथ्यो । पार्टीका अग्रज र महिला साथीहरूले दिएको साथ, माया र सहयोग नै मेरो जीवनका सबैभन्दा ठुला सम्पत्ति थिए ।"

### सन्तानको शिक्षा, पारिवारिक पुनर्निर्माण र सफलताको शिखर

उनको जीवनको सबैभन्दा ठुलो प्राथमिकता तीन सन्तानको लालनपालन र शिक्षादीक्षा थियो । उनले आफ्ना सन्तानहरूलाई उच्च शिक्षित र योग्य नागरिक बनाउने सङ्कल्प लिइन् ।

एउटा एकल महिला, जसको आर्थिक स्रोत अत्यन्तै सीमित थियो । बालबच्चाहरूको पढाइ खर्च, कपडा र दैनिक आवश्यकताहरू बढ्दै गए ।

तर, पार्टीका अग्रजहरू, महिला सङ्घका साथीहरू र भक्तपुरका स्थानीय स्नेहीजनहरूको निरन्तरको प्रेरणा र हौसलाले उनलाई कहिल्यै थकित हुन दिएनन् । छोराछोरीले आफ्नी आमाको सङ्घर्ष, त्याग र पसिनाको मूल्य बुझे । उनीहरूले कहिल्यै अनुशासन तोडेनन् । उनीहरूले कडा मिहिनेतका साथ अध्ययन गरे ।

उनी आफ्ना दुई वटा छोरा र एउटी छोरीलाई उच्च शिक्षा हासिल गराउन सफल भइन् । छोराहरूलाई पढाउनका लागि SOS ले पनि सहयोग गरेको थियो । उनले बैङ्क र साथीभाइबाट ऋण तथा बीमा बापत आएको पैसा र अलि–अलि बचत गरेको पैसा जम्मा गरेर कमलविनायकमा सानो टुक्रा घडेरी पनि किनिन् ।

आज सन्तानहरूले हासिल गरेको सफलता देख्दा उनलाई आफ्ना विगतका सम्पूर्ण दु:ख र आँसुहरू बिर्सिएजस्तो लाग्छ । जेठो छोरा र बुहारी हाल अस्ट्रेलियामा छन् र त्यहाँ PhD (विद्यावारिधि) गर्दै छन् । पढाइ सकेपछि नेपालमा नै आई सेवा गर्ने उनीहरूको उद्देश्य छ । एउटी निरक्षर आमाको छोराले विश्वविद्यालयमा पुगेर उच्च अनुसन्धान गर्नु जीवनको सबैभन्दा ठुलो गौरव हो । कान्छो छोरा सीताराम सुवाल पनि एउटा बैङ्कमा उच्च पदमा कार्यरत छन् । उनको विवाह भइसकेको छ ।

छोरीले नर्सिङ पेसा रोजिन् । उनी एक दक्ष र दयालु नर्सको रूपमा समाजको सेवामा समर्पित छिन् । छोरीको विवाह भइसकेको छ ।

### जागिरे जीवनको समापन, वर्तमान अवस्था र जीवनको सारांश

वि.सं. २०५६ सालबाट सुरु भएको उनको जागिरे यात्रा निरन्तर २७ वर्षसम्म चलिरह्यो । उनले भक्तपुर नगरपालिकाअन्तर्गतको शिशु स्याहार केन्द्रमा २७ वर्षसम्म अत्यन्तै निष्ठा, इमानदारी, समर्पण र लगनशीलताका साथ सेवा गरिन् । सयौँ साना बालबालिकाहरूलाई आफ्नै सन्तान सरह माया र स्याहार गरिन् । वि.सं. २०८३ साल जेठ ३ गते २७ वर्षे लामो जागिरे सेवाबाट उनी सेवानिवृत्त (रिटायर्ड) भइन् ।

गरिबी, निरक्षरता, सानैमा विवाह, श्रीमान्को असामयिक मृत्यु, सामाजिक अपहेलना र घोर आर्थिक अभावको त्यो अँध्यारो सुरुङबाट निस्किएर आज उनको हिम्मत, धैर्य र सङ्घर्षको परिणामले नेपाली समाजमा साहसी, इमान्दार र लगनशील मानिसको प्रगति हुन्छ भन्ने कुरालाई उजागर गरेको छ ।

---

*फिडेल...*

प्रतिक्रियावादी प्रहरी जवानहरूले जथाभावी सर्वसाधारण नागरिकहरूको निर्ममतापूर्वक हत्या गर्न थाले । सडक तथा पेटीहरूमा गोलीले छिया–छिया भएका र रक्ताम्य लासहरू फालिन थाले । त्यस राज्य आतङ्कले पनि क्रान्तिकारी जनसेनाको भूमिगत आधारलाई छुन सकेन । उल्टै क्रान्तिकारी जनसेनाको सशस्त्र भूमिगत गतिविधि झन्झन् सुदृढ हुँदै गयो । भूमिगत क्रान्तिकारी सेनासँग सम्पर्कमा रहेको शङ्का गरेर सान्टियागो (Santiago) मा प्रहरीले एकजना क्रान्तिकारी युवालाई गोली हानी मार्‍यो । राति वीर युवकको लासलाई उठाएर लगियो । शहादत प्राप्त गरेको युवककी आमाले छोराको लास उठाएर लगेको ठाउँमै बम लुकाइएको फूलगुच्छा श्रद्धाञ्जलीस्वरूप राखिदिइन् । भोलिपल्ट बिहान एकजना प्रहरीले त्यस फूलगुच्छालाई लात मार्दा बम विस्फोट भई त्यस प्रहरीको शरीर टुक्रा–टुक्रा भई सडकमा छरपस्ट छरिएको दृश्य सडकमा हिँडिरहेका सबैले देखे ।

क्रान्तिकारी सेनाले बिस्तारै भूमिगत गतिविधिलाई त्यागेर खुला सशस्त्र फौजी कारबाही सुरु गर्न थाले । लस भिलास प्रान्तको राजधानी सान्ताक्लारातर्फ जान सेना अघि बढिरहँदा फोमेन्तो (Fomento) भन्ने ठाउँमा जनसेना र शत्रु सेनाबिच घमासान रक्तपातपूर्ण भिडन्त भयो । अन्तमा, सान्ताक्लारा जनसेनाको कब्जामा गयो ।

हतास मानसिकता बोकेको तानाशाह बातिस्ता, अमेरिकी राजदूत स्मिथ र अमेरिकी साम्राज्यवादले बेलायतमा निर्मित ३० वटा नयाँ ट्याङ्कहरू हवानामा तैनाथ गरे । त्यस्तै, इटालीमा बनेको मेसिनगन राखिएका हजारौँ बाकस ओसारिए । जनसेनाको समर्थनमा हवाना सहर पूर्णरूपले बन्द रह्यो र अमेरिकी साम्राज्यवादविरोधी मौन प्रदर्शन भइरहेको थियो । सम्पूर्ण हवानावासीहरूको हृदयमा स्वयंस्फूर्त निस्केको विद्रोहको ज्वारभाटालाई साम्राज्यवादीहरूको सैन्य बलले रोक्न सकिरहेको थिएन ।

हवाना विश्वविद्यालयका हजारौँ क्रान्तिकारी विद्यार्थी र प्राध्यापकहरू अन्तिम छिनोफानोको लागि जुर्मुराइरहेका थिए । त्यसैबेला जननेता एवम् मेजर अर्नेस्टो चे ग्वेभारा जनसेनाको एउटा हिस्साको नेतृत्व गर्दै हवानातर्फ अघि बढे ।

बातिस्ताले फिडेल क्यास्ट्रो र जनसेनाका अन्य जवानहरू अघि बढ्नबाट रोक्न नयाँ चालको रूपमा चाल्यो । उसले जनरल कान्टिलो (General Cantillo) लाई मध्यस्थकर्ताको रूपमा वार्ताको लागि सेनाध्यक्ष फिडेल क्यास्ट्रो कहाँ पठायो । जनरल कान्टिलोले फिडेल क्यास्ट्रोलाई बातिस्ताको प्रस्तावको विषयमा चर्चा गर्‍यो । फिडेल क्यास्ट्रोले उक्त प्रस्तावलाई ठाडै अस्वीकार गरे ।

### हवानाको राष्ट्रपति भवनमा विजयको झन्डा

सन् १९५८ डिसेम्बर महिनाको ३१ को रात वायु वेगले हुतिँदै जनसेनाले अचानक तानाशाह बातिस्ताको दरबारमाथि धावा बोल्यो । बातिस्ता नयाँ वर्षको रात्रिभोजमा रमाइरहेको थियो । चट्याङ र आँधीबेहरीसरि क्रान्तिकारी जवानहरू दरबार क्षेत्रभित्र घुस्न थाले । कैयौँ सशस्त्र सैन्य जवानहरू भागे भने कैयौँले आत्मसमर्पण गरे । अत्तालिएको बातिस्ता भने पहिले नै दरबार छोडेर भागिसकेको थियो । बातिस्ता हवाना दरबारबाट अमेरिकी सैन्य आधार क्याम्प कोलम्बिया (Camp Colombia) पुग्यो र त्यहाँ एउटा रात्रिभोज भयो । रात्रिभोजमा उच्च पदाधिकारी र उच्च प्रहरी अधिकारीहरूको उपस्थिति थियो । रात्रिभोज रमझमविहीन निस्तब्धताले छोपिएको थियो । कुनै ठोस प्रस्ताव राखिएन र रात्रिभोजको अन्तमा आएर बातिस्ताको उच्च सैनिक अधिकारी इयुलोजिओ कान्टिलो (Eulogio Cantillo) ले मौनतालाई भङ्ग गर्दै बोल्यो, "क्युवाको गणतान्त्रिक सरकारको रक्षा गर्नको लागि हाम्रा सेनाहरूले सेनाध्यक्ष बातिस्ता सत्ताबाट अवकाश लिनुपर्ने आवश्यक भएको निर्णय गरेको छ ।" त्यो कुरा सुनेर बातिस्ता रातोपिरो भयो । उसले आफूलाई सम्हाल्न सकेन । उसले जङ्गिँदै भन्यो, "मेरो उत्तराधिकारीलाई सत्ता नसुम्पिकन म सत्ता छोड्नेवाला छैन ।" ऊ आन्द्रेस रिभेरो अगुएरो (Andress Rivero Aguero) लाई आफ्नो उत्तराधिकारी बनाउन चाहन्थ्यो । तर, आन्द्रेस रिभेरो अगुएरो भने बातिस्ताको उत्तराधिकारी बन्नुपर्ने डरले भागिसकेको थियो । हुन त कान्टिलोको सल्लाहअनुसार बातिस्ताका प्रधानमन्त्री राजनैतिक शरणको लागि गुप्तरूपले डोमिनिकन गणतन्त्रको भ्रमण गरी त्यहाँको तानाशाह राफेल लिओनिदास त्रुजिलो (Rafael Leonidas Trujillo) सँग कुरा मिलाई फर्किसकेको थियो । डोमिनिकन गणतन्त्रको तानाशाहले अर्जेन्टिनाका पूर्वतानाशाह ज्वान पेरन (Juan Peran) लाई राजनीतिक शरण दिएको थियो । बातिस्ता र उनका सहयोगीहरू रातारात देश छाडेर भाग्ने तरखरमा थिए । सत्ताच्युत बातिस्ता आफ्ना पाँच सयजना सहयोगीहरूको साथमा क्याम्प कोलम्बिया विमानस्थलबाट भाग्न सफल भयो ।

यसरी एकै रातमा झट्ट पत्याउनै नसक्ने गरी क्युवाको सबैभन्दा अत्याचारी र क्रूर तानाशाही बातिस्ताको सत्ता ढल्यो । नयाँ वर्ष १९५९ जनवरी १ को बिहानीको सूर्यसँगै क्युवाको राज्यसत्ता फिडेल क्यास्ट्रोको नेतृत्वमा जनसेना र सम्पूर्ण क्युवाली जनताको हातमा गयो । यो नयाँ युगको सूत्रपात क्युवाको मात्र होइन, सम्पूर्ण दक्षिण अमेरिकी महादेशको थियो । क्युवाली जनताले पुस्तौँ पुस्तादेखि यसै दिनको प्रतीक्षा गरिरहेका थिए । एकजना अमेरिकी संवाददाताले लेखेका थिए, "कहिलेकाहीँ मध्यरात र झिसमिसे उज्यालोबिचको छोटो समयमा पनि सत्ता पल्टिन सक्दोरहेछ ।"

त्यसदिन राष्ट्रनायक एवम् सेनाध्यक्ष फिडेल क्यास्ट्रोले सान्टियागोको जनसभामा घोषणा गरे, "पुरानो युगको अन्त्य भई स्वतन्त्रताको नयाँ युगको सूत्रपात भएको छ । म मानव अधिकार, न्याय र शान्ति सुनिश्चित गर्ने वाचा गर्दछु ।"

पाँच दिनपछि उनी सान्टियागोबाट हवाना पुगे । सम्पूर्ण हवानावासीले जननायक, राष्ट्रनायक एवम् सेनाध्यक्ष फिडेल क्यास्ट्रो र जनसेनालाई निकै हर्षपूर्वक भावविह्वल भई हार्दिक स्वागत र अभिनन्दन गरे । हवानाको त्यस ऐतिहासिक र अभूतपूर्व जनसभामा उनले अत्यन्त हृदयस्पर्शी र सशक्त भाषण दिए । अनेक कष्ट झेल्दै ज्यानको बाजी लगाई लुकीछिपी जनसेनालाई हातहतियार, रसद–पानी, सैनिक पोशाक र गुप्त खबर पुर्‍याइदिने महान् र वीर क्युवाली महिलाहरूको पनि उनले मुक्तकण्ठले प्रशंसा गरे ।

हवानामा फिडेल क्यास्ट्रोको स्वागतको विषयमा सन् १९५९ जनवरी १९ मा न्युयोर्कबाट प्रकाशित हुने पत्रिका टाइम (Time) ले यसरी लेख्यो, "हवाना सहरको परिसरमा फिडेल क्यास्ट्रो आइपुग्दा कलकारखाना, पसल, विद्यालय, कलेज र कार्यालय सबै बन्द थिए । सडक र घरको झ्याल, बार्दली एवम् कौसीमा हवानाका जनता फिडेल क्यास्ट्रोको स्वागत गर्न खचाखच थिए र उनीहरू करतल ध्वनिका साथ ताली बजाउँदै थिए । मारमोन हारिङ्गटन ट्याङ्क (Marmon Harrington Tank) हरू फिडेल क्यास्ट्रो चढेको जीपको लागि बाटो सफा गर्दै अघि बढिरहेका थिए । अन्तमा, जनसेनालावालस्करको साथमा फिडेल क्यास्ट्रो हवानाको दरबारमा प्रवेश गरे । त्यहाँ उनको न्यानो स्वागत भयो । उनले उपस्थित जनभेलालाई सम्बोधन गर्दै भने, "मलाई यो दरबारको कहिल्यै मोह थिएन र मलाई के थाहा छ भने तपाईंहरूलाई पनि यो दरबारको कुनै चाहना थिएन । तर, नयाँ सरकारले हाम्रो भावनालाई बदलिदिनेछ ।"

*– 'फिडेल क्यास्ट्रो, क्युवा र क्युवाली समाजवाद' बाट*

# खानेपानीको कुरा भनूँ कि नभनूँ ?

- दिवाकर

केही दिनपहिले काम विशेषले काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (काउखालि) को भक्तपुर शाखामा गएको थिएँ । त्यहाँ एकजना ग्राहकले ढल निकास बन्द भएकोले खोलिदिन अनुरोध गरे । त्यहाँका कर्मचारीले नगरपालिकालाई भन्नुहोस् भनी 'शिक्षा' दिए । ग्राहकले ढलको महसुल त काउखालिमै तिर्दै आएको जानकारी गराए । कर्मचारीले ग्राहकको मुख हेर्दै 'यस्तै व्यवस्था छ' भनी मुन्टो निहुराए । विचरा कर्मचारी !

गजबकै व्यवस्था छ काउखालिमा । ढल निकासको काममा सिन्का नभाँचे पनि त्यसको महसुल दसकौँदेखि असुलिरहेको छ । तर, ढल निकास बन्द हुँदा नकच्चरो भएर नगरपालिकालाई देखाउँछ । के काउखालिले काम नगरी बुझेको ढलको महसुल काम गर्ने नगरपालिकालाई बुझाउँछ ? त्यस्तो आजसम्म सुनिएको छैन ।

पटक्कै काम नगरी महसुल उठाउनुलाई 'लुट्न सके लुट कान्छा, यही देशमा छ छुट' गीतले ठिक्कै भनेको लाग्यो ।

जलस्रोतको धनी देश नेपालमा खानेपानीको हाहाकार हिजो खानेपानी संस्थान र आज काउखालिको लागि 'सामान्य' समस्या हो । यो समस्याबाट भक्तपुरमात्र अछुतो हुने कुरै भएन । केही समयपहिले भक्तपुर नगरपालिकाका प्रथम मेयर रत्नसुन्दर साँय्जुले बीबीसीलाई दिएको एउटा अन्तर्वार्ता हेर्न अवसर पाएको थिएँ । त्यसमा उहाँले भक्तपुरमा वीर धारा छ, तर पानी आउँदैनथ्यो, मेयर भएपछि पानीको लागि दौडधुप गरेको १० सालको आफ्नो संस्मरण सुनाउनुभएको थियो ।

अहिले वीर धाराहरू प्राय: इतिहास बनिसकेका छन्, अहिले घर-घरमा धारा वितरण भएको छ । जर्मन प्रोजेक्टले त सबैजसो घरमा धाराको पाइप जडान गरिदिएको थियो । तर, पानीको स्रोत, पानीपोखरीको क्षमता र वितरण योग्य पानीको परिमाण हिसाब गर्न भुलेछ । त्यसैले धारा छ, पानी छैन अर्थात् उही नाम्लो, उही कुम्लोको स्थिति दसकौँ रह्यो ।

तर, समय एउटै कहाँ रहन्छ र ! कुरा उठेको तीन दसकपछि अहिले भक्तपुरमा पनि मेलम्चीको पानी वितरण हुन थालेको छ । त्यसको लागि हालै नयाँ पाइप बिछ्याएर पानी वितरण हुन थालेको छ । तर, नयाँ समस्या देखियो । हिजो मेलम्चीको पानी छेलो खेलो भएका वडा क्षेत्रमा नयाँ पाइपबाट नयाँ क्षेत्रमा पानी वितरण गर्न थालेपछि पुरानो क्षेत्रका धारा सुक्न थालेका छन् । ती क्षेत्रका ग्राहकहरूको टोली बनाएर काउखालिमा पानी चाहियो भनी 'तारिख' बोक्न थालेका छन् । काउखालिका हाकिमहरू भने 'मिलाउँदै छौँ, एक-दुई महिना धैर्य गर्नुस्' भनी फकाउन अभ्यस्त भएका छन् । दैनिक उपभोग्यको खानेपानीको लागि उनीहरूले एक-दुई महिना धैर्य गर्नु भनी कसरी भन्न सकेका होलान् ?

मनसुन सुरु भएपछि त मेलम्ची नै बन्द गरिएको छ । २०७८ सालमा आएको प्रलयकारी बाढीबाट 'सचेत' भएको काउखालिले 'वर्षाले मुहानमा पानी धेरै धमिलो भएको' भन्दै असार १९ गतेदेखि अस्थायी बन्द गरेको छ । यहाँनिर मलाई मेलम्ची खानेपानी आयोजनामा काम गर्ने इन्जिनियररूको 'विज्ञता' देखेर आश्चर्य लागेको छ ।

नेपाल पहाडी मुलुक भएकोले बाढी-पहिरोको सम्भावना धेरै छ, हामीले देखी-भोगी पनि आएका छौँ । हिउँदमा खोला नदीका पानी सङ्गलिए पनि हरेक वर्षा याममा पानी धमिलिएकै हुन्छ । यो तथ्यबाट ती 'विज्ञ'हरू कसरी अनभिज्ञ भए ? त्यस्तै वर्षायाममा खोल्सोमा पनि भेल बढ्छ, बाढी आउँछ भन्ने हेक्का किन राखेनन् र मेलम्ची खोलाको किनारमै सुरुङको द्वार किन बनाए ? लेदो-गेगर छेक्ने वा थिग्राउने गतिलो उपाय किन गरेनन् ? प्रलयकारी बाढीको बेला उपाय नलागे पनि अरू बेलाको लागि त भरपर्दो र प्रभावकारी उपाय गर्न सकिन्थ्यो नि । किन गरेनन् ? यसो नगर्दा मेलम्ची खानेपानी आयोजना जतिसुकै महँगो भए पनि स्थायी होइन मौसमी वा अस्थायी बनेको छ ।

त्यसैले पढेरै इन्जिनियर बनेका होलान् भन्ने धेरैको विश्वासमा तिनीहरूको कामको परिणामले शङ्का उत्पन्न गराउँछ । त्यो शङ्का भक्तपुरमा काउखालिले नयाँ पाइप बिछ्याउँदा र ठाउँठाउँमा राखेका साँचो (भल्व) ले झनै बढाइदिएको छ ।

भक्तपुर नगरको मूलबस्ती डाँडामा रहेको छ । चारै दिशाबाट सानो ठुलो उकालो चढेरै मात्र मूलबस्तीमा पुगिन्छ । अहिले काउखालिले पाइप बिछ्याएको पाइपहरूमा ओरालो ठीक माथि सिरानमा साँचो (भल्व) राखेको छ । यसबाट ती इन्जिनियरहरूलाई पानी ओरालोमा बग्छ भन्ने ज्ञान वा विज्ञता रहेको स्पष्ट हुन्छ । तर, ओरालो र फेदीको बिचमा पनि लहरै घरहरू छन् भन्ने हेक्का रहेनछ । यसले गर्दा ओरालो माथि अर्थात् सिरानको साँचो बन्द गर्दा दायाँ-बायाँका धारामा पानी वितरण हुन्छ र साँचो खोलेपछि पानी ओरालोमा हुत्तिएर सीधै फेदीमा पुग्छ । ती बिचका घरहरूमा पानी आउँदैन । यो समस्या सानो-ठुलो ओरालोको बिचका सबै घरहरूको समान छ । यसबारे काउखालिका हाकिम इन्जिनियरहरूलाई पटकपटक जानकारी गराइसक्यौँ, तर उहाँहरूको सधैँ एउटै जवाफ छ- अध्ययन गर्दै छौँ, एक-दुई महिना कुर्नुहोस् । त्यो एक दुई महिना कहिले आउँछ थाहा छैन ।

घमण्डी विज्ञहरूलाई कसैले सुझाव दिए आफ्नो अपमान ठान्दछन् रे । त्यसैले भनूँ कि नभनूँ भन्ने दोधारमै एउटा सल्लाह दिने धृष्टता गर्छु ।

ओरालो परेका ठाउँमा साँचो (भल्व) ओरालो सुरु हुनुभन्दा माथि सिरानमा होइन फेदीभन्दा माथि राखे कसो होला ? त्यसले ओरालो माथिका साथै ओरालोको बिचमा रहेका घरहरूले पनि पानीको दर्शन गर्न पाइन्थ्यो । पछि फेदीमाथिको साँचो खोल्दा स्वाभाविक रूपमा ओरालोको फेदीतिर पानी वितरण हुन्छ ।

साँचो खोल्ने र बन्द गर्ने भल्व सञ्चालक कर्मचारीको पनि पानी वितरणमा ठुलै महत्त्व छ । उनी त हाकिमभन्दा हाकिम हुन्, उनको तजबीजमा पानी वितरण हुन्छ - सबै यसै भन्छन् । पानी वितरण तालिका त देखावटी मात्र हो । भल्व सञ्चालकको 'मन खुस' भयो भने जहिले पनि पानी आउँछ, पानी आयो है भनी कतिपयलाई फोन पनि आउँछ । तर, भल्व सञ्चालकको 'मन खुस' बनाउने तरिका भने सबैलाई थाहा छैन । त्यसैले, धेरै पटक भल्ब खोलेर गएको हुन्छ तर ग्राहकले चालै पाउँदैनन् वा चाल पाउँदासम्म भल्ब बन्द गर्ने समय भइसक्छ ।

भल्ब खोलेको र बन्द गरेको थाहा दिन कुनै उपाय गर्नुपर्ने देखिन्छ । कराउनु वा चिच्याउनु स्वाभाविक लाग्दैन, परन्तु विशेष ध्वनिको सीटी २-३ पटक बजाउने गरे ग्राहकहरूलाई धेरै सुविधा र सहज हुने थियो अथवा यसको कुनै विकल्पबारे काउखालिले विचार गर्ला ? आशा छ सोच्नेछ ।

# पुरुषोत्तम महर्जनको दु:खद निधन

काठमाडौँ, २८ साउन । नेपाल मजदुर किसान पार्टी काठमाडौँ जिल्लाका पूर्वजिल्ला सदस्य एवं चन्द्रागिरी नगर समितिका पूर्वसदस्य पुरुषोत्तम महर्जनको साउन २७ गते सवारी दुर्घटनाको कारण दु:खद निधन भएको छ ।



हलचोक स्वयम्भूबाट स्कुटरमा चन्द्रागिरी नगरपालिका फर्कने क्रममा विपरीत दिशा कलङ्की रिङ रोडबाट बालाजु जाने महानगर यातायात प्रा.लि.को वाग्मती प्रदेश ०१ ००७ ख ११५१ को रिङरोड चक्रपथ चल्ने गाडीले ठक्कर दिएको प्रत्यक्षदर्शी र प्रहरी कार्यालय स्वयम्भूबाट पुष्टि गरेको छ ।

घाइते महर्जनलाई तत्काल मनमोहन अस्पताल पु¥याए पनि उपचारको क्रममा अस्पतालले मृत्यु घोषणा गरेको थियो । प्रहरी अनुसन्धानअनुसार द्रुतगतिमा बस हाँकेको कारण दुर्घटना भएको प्रारम्भिक रिपोर्टमा उल्लेख गरिएको छ ।

दुर्घटना हुनासाथ गाडीका चालक भागेको र खोजबिन जारी रहेको प्रहरीले जनाएको छ भने बस प्रहरीले नियन्त्रणमा लिएको छ ।

दिउँसो ३ बजे घटेको घटनामा साँझ ५ बजेमात्र महानगर यातायात प्रा.लि.का सचिव केशव नेपालसहित ५ जनाको वार्ता टोली र पीडितको तर्फबाट ७ जना प्रहरी वृत्त स्वयम्भूको वार्तामा महानगरको गाडी बिहान आफै कम्पनीको चालक केशव सुनारले चलाएकोमा ट्राफिकले चित काटेपछि दोस्रो चालक जो महानगरका थिएन राजकुमार सापकोटाले चलाएको जानकारी दिएपछि पीडित पक्षले कडा आपत्ति जनाएको थियो । घटनाको जिम्मेवारी कम्पनीले लिने प्रतिबद्धता व्यक्त गरेपछि वार्ता सुरु भएको थियो ।

राति ११ बजेसम्म वार्ता गरे पनि महानगर कम्पनीले आलटाल गरेपछि तत्काल चालक हाजिर गराउने र नगराएसम्म कम्पनीका पदाधिकारीलाई अनुसन्धानको लागि हिरासतमा राख्न अनुरोध गर्दै प्रहरी वृत्त प्रमुख डीएसपी मोहनमनि अधिकारीलाई जिम्मा लगाइएको थियो ।

साउन २८ गते बिहान चन्द्रागिरी गुर्जुधारामा आधी घण्टा मुख्य सडकमा धर्ना बसी दोषीलाई कारबाही र उचित न्याय माग गर्दै दबाब दिएपछि पुन: स्वयम्भूमा वार्तामा बसेको थियो ।

वार्तामा राजनीतिक दल, चन्द्रागिरी नपाका जनप्रतिनिधि, पीडित परिवार, समाजसेवीसहितको वार्तापछि कम्पनीबाट ११ लाख, बीमाबाट ५ लाख र चन्द्रागिरी नपा वडा नं. ५ र १२ बाट दुई लाख गरी १८ लाख क्षतिपूर्तिमा सहमति भएको थियो ।

सहमतिपछि बिहीबार मनमोहन अस्पतालबाट पोस्ट मार्टमको लागि त्रिवि शिक्षण अस्पताल लगेको थियो ।

साउन २९ गते पोस्ट मार्टमपछि बलम्बुमा अन्तिम संस्कार गर्ने परिवार स्रोतले जनाएको छ ।

## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

संस्थाको ऋण सुविधा उपयोग गरौं

### किस्ताबन्दी ऋण



सदस्यहरुको आवश्यकता पुर्तिका लागि निश्चित समय अन्तरालमा किस्ताबन्दी भुक्तानी गर्न ।


मासिक किस्ताबन्दी भुक्तानीमा १५ वर्ष सम्मको अवधि ।

त्रैमासिक किस्ताबन्दी भुक्तानीमा १० वर्ष सम्मको अवधि ।

५.५% व्याजदरमा

हाललाई पचास लाख सम्मको लगानी

### व्यवसायिक ऋण



आफनो व्यवसायको क्षमता वृद्धि गर्न ।

हाल अधिकतम पाँच करोड सम्मको लगानी ।

प्यान व्यवसाय दर्तामा अधिकतम १ करोड सम्मको लगानी ।

वार्षिक ७.५% व्याजदरमा

* शर्तहरू लागू हुनेछ ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.

भ.न.पा-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५

Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE

## हार्दिक समवेदना



जन्म : २०१७/०४/११
निधन: २०८३/०४/२४

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ७, गोल्मढी टोल बस्ने यस संस्थाका सदस्यता नं. ५८९९ का सदस्य **मंगलमाया नापित**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

## हार्दिक समवेदना



जन्म : १९८९/११/१५
निधन: २०८३/०३/२४

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ६, चोछें टोल बस्ने यस संस्थाका सदस्यता नं. २५८६ का सदस्य **राजकुमारी सुवाल**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

## लामखुट्टेबाट सर्ने रोगबाट बचौं

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।

त्यसैले, लामखुट्टेको टोकाईबाट बच्न:

- घर वरिपरि पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा बनाऔं,
- शरिर ढाक्ने कपडा लगाऔं,
- सुत्दा झुल टाँगेर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं।

लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा